# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ८, अंक ११ २०७८ असौज १२ मंगलवार (Jhuleni Post Weekly) 28 Sept.2021, पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक


विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड

Email : jhulenipyuthan@gmail.com


# प्यूठान कम्युनिष्टमा छैन पुस्तान्तरण



कृष्ण खड्का (२६ वर्ष)



कृष्ण अधिकारी (१४ वर्ष)



तुलसीराम शर्मा (१० वर्ष)

**झुलेनी पोस्ट**
**प्यूठान**

नेकपा मसालको चुनाबी मोर्चा रास्ट्रिय जनमोर्चा (राजमो) अध्यक्ष कृष्ण खड्काले पार्टी अध्यक्ष सम्हालेको २६ वर्ष बढी भयो । लोकतान्त्रिक विधिबाट नेतृत्व परिवर्तन भएको भए सम्भवत ६५ वर्षीय खड्का जेष्ठ कम्युनिस्ट मञ्चमा रहन्थे । पछि पार्टीको सल्लाहकार भएर काम गर्थे । तर, राजमोको नेतृत्व खड्काले नै वर्षौदेखि हाल सम्म सम्हालेका छन् ।

राजमोका अन्य पदाधिकारी पनि खड्काकै समकक्षीहरु धेरै छन् । नयाँ पुस्ता राजमोको कमिटिमा धेरै न्यून छन् । राजमोमा मात्र होइन प्यूठानका कम्युनिस्ट पार्टीहरु सबैको अवस्था राजमोको जस्तै छ । पुस्तन्तरण भएको छैन । वर्षौदेखि नेतृत्व परिवर्तन भएको छैन । जनवादी केन्द्रीयता अनुसार नेतृत्व परिवर्तन गरिन्छ कम्युनिस्टहरु भन्छन् । यस्तो प्यूठानमा छैन । तोकेर नेतृत्व चुनिदै आउने कुरा परम्परा जस्तै भएको छ । कम्युनिस्ट पार्टीमा 'जसको नीति उसैको नेतृत्व भनिन्छ' । तर, पछिल्ला वर्षहरुमा प्यूठानका कम्युनिस्ट पार्टीहरुमा यस्तो छैन । नविनतम विचार, संगठन गर्ने कुरा नेतृत्वमा भुत्ते खुकुरी जस्तै छ । केन्दीय नेतृत्वको आर्शिबाद जस्ले पाउँछ उसैले जिल्लाको नेतृत्वको लागि टीका थाप्ने परम्परा भइसकेको छ ।

राजमोमा मात्र होइन नेकपा एमाले र नेकपा माओबादी केन्द्रमा पनि नेतृत्व परिवर्तन वर्षौदेखि भएको छैन । जिल्ला अधिवेशन भएका छैनन् । एमाले माओबादी एकता अघि एमाले प्यूठानका अध्यक्ष तुलसिराम शर्मा र माओवादी केन्द्रको सेक्रेटरी कृष्ण अधिकारी (प्रकाश) थिए । हाल पार्टी अलग अलग भएपछि पनि उनै छन् । एकता हादा उनीहरु पार्टी अध्यक्ष र सचिव भए । अलग हादा पूरानै पदमा फर्के, फर्काइए । अहिले अलग हादा फेरीएको नयाँ परिस्थिति पनि यी दुई दलमा संगठनको महत्वपूर्ण जिम्मेवारी उनीहरुले नै लिइरहेका छन् । अधिकारी २०६४ सालदेखि हालसम्म माओवादी केन्द्र प्यूठानको नेतृत्वमा छन् । नेकपा एमालेका अध्यक्ष तुलसीराम शर्मा पनि २०६८ सालदेखि निरन्तर नेतृत्वमा छन् । दुबै पार्टीमा आफूहरुलाई पून: नेतृत्व गर्नमा समस्या नपर्ने गरि जिल्ला कमीटिमा आफ्ना मान्छे भर्ति गर्ने प्रवृति छ । उनीहरुको जोड् राम्रा भन्दा पनि आफ्नालाइ राख्नेमा छ । उनीहरुको भित्रि मनाय भनेको यिनीहरुले नै पछिसम्मै साथ दिउन भन्ने हो । निरन्तर नेतृत्व भइरहादा पद नगुमोस, कमि कमजोरीमा अरुले नबोलुन, आवाज उठाउन नसकुन भन्ने चिन्तन हाल नेतृत्व गरीरहेकाहरुमा पाइन्छ । वर्षौ जिल्ला पार्टीको मूल नेतृत्व गरिहेका नेताहरु नै फेरी नेतृत्वमा दोहोरीने गरि हानथाप गरिहेको दृश्य प्यूठानका कम्युनिष्ट पार्टीमा छ । यस्तो प्रवृतीले पार्टी र व्यक्ति दुबैलाइ राम्रो गर्दैन । नेताहरु अर्को पुस्तालाई मुख्य

बाँकी ३ पेजमा.....

## काङ्ग्रेस प्यूठानमा नयाँ पुस्ता

***नेपाली काङ्ग्रेसको शनिबार भएको १४ औ गाउँ नगरपालिका अधिवेशनमा धेरै जसो स्थानीय तहमा युवा पुस्ता नेतृत्वमा आएका छन् । नौबहिनीमा देविराम पुन र सरुमारानीमा लक्ष्मण जिसी बाहेक सबै युवानै छन् । स्वर्गद्वारी नगरपालिकामा गिरबहादुर घर्तीमगर, प्युठान नगरपालिकामा नेत्र बहादुर के.सी., ऐरावती गाउंपालिकामा अमर रेश्मी मगर, माण्डवी गाउँपालिकामा प्रकाश अधिकारी, मल्लरानी गाउँपालिकामा रमेश श्रेष्ठ, झिमरुक गाउँपालिकामा मिनराज भट्टराइ, गौंमुखी गाउपालिकामा मधुराम केसी सबै ४० वर्ष उमेर समुहका निर्वाचित भएका छन् । यस्तै जिल्ला सभापति पदमा वर्तमान पार्टी सचिव विष्णु कुमार गिरी र निवर्तमान पार्टी सचिव शिवप्रसाद रिजालले सभापतिमा प्रतिस्पर्धा गर्दै छन् । यिनीहरु दुबै युवा पुस्ताका हुन् ।***

## हाम्रो नजर

# नियमित हुंदैन बजार अनुगमन




*चाडपर्वको समयमा मात्र बजार अनुगमन गर्ने चलनले गर्दा उपभोक्त सधैं ठगिन परेको छ । सरोकारवाला निकायले नियमित बजार अनुगमन नगनार्ले मुख्य बजार केन्द्रहरूमा अखाद्य वस्तु बिक्री गर्ने, अनुमति नभएको ढक तराजु प्रयोग, मूल्यसूची नराखी व्यवसाय सञ्चालन लगायत कार्य भइरहेका छन् । व्यपारीले मुल्यसूची नै अध्यावधिक गरेका छैनन्। बजारमा बढी मात्रामा जङ्क फुडहरू म्याद गुज्रिएका विक्री बितरण भइरहेका छन् ।*

*जिल्लाको प्रमुख व्यापारिक केन्द्र बाग्दुला, बिजुवार, भिंगृ, जुम्री बजार, दाखाक्वाडी, चेरनेटा र देवीस्थान लगायत बजारी क्षेत्रमा अखाद्य वस्तुहरु विक्री बितरण भइरहने उपभोक्ताहरुका गुनासा छन् । अनुगमनका क्रममा स्वर्गद्वारी पेट्रोल पम्पहरुले पनि मेसीन सेटिङ मिलाएर कम विक्री गर्दै आएको गुनासा धेरै छन् । यस्तै पसल, कम्पनी दर्ता नगरी सञ्चालन गर्नेहरु पनि धेरै छन् । जिल्लामा उपभोक्ताहरू ठगिएको गुनासो धेरै आइरहेपनि स्थानीय सरकार, प्रशासनले संयुक्त अनुगमन समय समयमा गरेको पाइदैन ।*

*वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको अनुगमन टोली जिल्लामा छैन । यसले पनि बजार अनुगमन प्रभाबकारी हुन नसकेको हो । जिल्ला प्रशासन कार्यालयले स्थानीय तह, नापतौल विभाग, औषधि व्यवस्था विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयसंग समन्वय गरेर अनुगमनलाई नियमित गराउन सक्ने हो भने उपभोक्ता ठगिन पर्दैनथ्योकी ?*

# बढ्यो जस्पुरको सान



*माण्डबी गाउँपालिकाको केन्द्र बनेपछि प्यूठानको जस्पुर (चकचके) क्षेत्रको सान बढेको छ । माडि नदि किनारको जस्पुरमा गाउपालिका सरेपछि पछिल्लो समय चम्कीदै गएको हो । यहा विकास निर्माणका काम धमाधम हुदै छन् । यसले स्थानीय बासिन्दा उत्साहित बनेका छन् । माण्डबी गाउँपालिकाको केन्द्र देविस्थानबाट जस्पुरमा सारिएको छ। भालुबाङ-प्यूठान सडक क्षेत्रमै जस्पुर पर्दछ । केहि वर्षअघि ईलाका प्रशासन, नापी तथा मालपोत लगायत कार्यालय समेत जस्पुरमै स्थापना भएका थिए । त्यसअघि सडक सडक डिभिजन कार्यालय स्थापना भइसकेको थियो भने हाल करदाता सेवा कार्यालय पनि स्थाना भएको छ । यहाँ गाउँपालिका केन्द्रलाई लक्षित गरि यहाँ बैंक तथा वित्तिय संस्था पनि खुलेका छन् । त्यसपछि प्यूठानबाट रोल्पा पुग्ने मुख्य स्थान जस्पुर चम्कदै गएको छ ।*

*प्यूठानको पवित्र धार्मिक तीर्थस्थल स्वर्गद्वारी पुग्ने तीर्थयात्रीलाई लक्षित गरि दर्जनौ स्तरीय होटलहरु पनि खुलेका छन् । होटलहरु सधैं भरिभराउ हुन्छन् । प्यूठान सदरमुकाम खलंगा, बिजुवार, भिंगृ, स्वर्गद्वारी र रोल्पा सदरमुकाम लिबाङ, सुलिचौर पुग्ने मुख्य चोक रहेकाले पनि जस्पुर क्षेत्रमा विकास निर्माण र जनघनत्व बढ्दै गएको छ । २०६३ सालमा दाखाक्वाडिको चेरनेटाबाट जस्पुरमा व्यापार गर्न झर्दा सुनसान रहेको जस्पुर (चकचकेमा हिजोआज चहलपहल निकै बढेको छ । सडक आसपास झन्डै ३ सय बढी घर निर्माण भएर ठूलो बजार नै बनेको छ । जस्पुरमा व्यपार व्यबसाय गर्ने जो कोहीले पनि राम्रो कमाइ गरिरहेका छन् । जस्पुरमा व्यापार बढ्दै गएपछि रोल्पा, अर्घाखाँचीबाट समेत व्यापार गर्न दर्जनौ स्थानीय जस्पुरमा झरेका छन् । यहाँ व्यापारीक चहलपहल निकै बढ्दो छ*

बाँकी ४ पेजमा.....

## जीवनको रंग

# सानै उमेरमा क्रिकेटमा झुमे तुल बहादुर

**तेजेन्द्र बि.एम.**
**झुलेनी पोष्ट**




खेल क्षेत्र उनका लागि सोखको विषय थियो । स्कुल पढ्दा अरुभन्दा केहिँ फरक खेल देखाउने रुची राख्दथे उनले । जिल्लाको नौबहिनी गाउँपालिका ८ डामृ निवासी तुलबहादुर थापा मगरलाई गाउँमा खेल खेल्ने बातावरण चाहि थिएन । सामान्य परिवारमा जन्मेका उनि सानैदेखि खेल क्षेत्रमा रुचि राख्थे । गाउँमा क्रिकेट खेल्ने ठाउ थिएन । साथीहरुसंगै भलिवल खेल्ने गर्दथे । गाउँकै विद्यालयमा कक्षा ३ मा पढ्दै गर्दा काका सोमबहादुर (सुभान) सँग सानोतिनो काम गर्ने भनि भारत गए । काकाले पढ्न हौसला दिए । स्कुल भर्ना गरिदिए । कक्षा ८ सम्म चण्डिगढमै पढाए । पढ्दै गर्दा आफ्नो उमेर समुहका साथीहरुसँग क्रिकेट खेल्न थाले थापा ।

अहिले उनको परिचय क्रिकेटले गराउदै छ । बायाँ हातले बलिङ गर्ने थापा अरुको भन्दा फरक खेल प्रदर्शन गर्थे । भारतमै रहँदा थापाको नेपाली क्रिकेटर सोमपाल कामीसँग पनि भेट हुन थाल्यो । यसबेलासम्म यिनलाई क्रिकेटको भुत चढिसकेको थियो । 'चण्डिगढ स्कुल पढ्दा स्कुल लेवलदेखि डिस्ट्रिक लेवलसम्म अन्डर १४ मुनिका सबै गेम खेले', उनले भने, 'नेपालमा २०१४ मा वर्ल्डकप गेम सञ्चालन भएको थाहा पाएपछि नेपाल फर्के ।' अहिले १७ वर्ष पुगेका उनी नेपालमा त फर्किय तर खेल क्षेत्रमा केही देखाउनका लागि प्युठानमा संभव थिएन । क्रिकेटमा भोक जागिसकेका यिनी उचित ठाउको खोजि गर्दै दाङ, कपिलबस्तु, भैरहवा सम्म पुगे । त्यसपछि उनको क्रिकेट खेलाडी केशव झाक्रि, सन्जु क्षेत्रि, शुसानसिंह थापा र बिराज भण्डारीको साथ पाए । त्यपछि अहिले क्रिकेट खेलाडीको रुपमा नाम चिनाउन सफल भएका छन् । दाङमा बस्दै गर्दा भालुवाङ भएको प्रतियोगितामा भाग लिए उनले । बायाँ हातले बलिङ गर्ने उनी कडा सट प्रहार गर्ने खेलाडीमा गनिन थाले । त्यसपछि इन्टर स्कुल नेशनल गेम खेल्न काठमाण्डौ पुग्दा यिनको खेल झन उत्कृष्ठ प्रदर्शन हुन पुग्यो । यहाँ पनि बायाँ हातको बलिङमा सबैका नजर पुग्दा उनी चिनिने थप मौका मिल्यो । त्यसपश्चात नेपालका थुप्रै ठाउँका क्लवहरूले उनलाई आ-आफ्नो क्लवमा आउनका लागि निम्तो दिन थाले । तर तुल बहादुरले भैरहवा ग्ल्याडियटर्सलाइ आफ्नो रोजाइ पारेर त्यहिँ अभ्यास गर्न थाले । यहाँ रहँदा उनले शक्ति गौचन, कुशल मल्ल, शुसान्त भारि र शरद भेषवाकर लगायतको

बाँकी ७ पेजमा.....

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

झुलेनी पोष्ट
सम्पादकीय ....

## कम्युनिष्टमा पुस्ता हस्तान्तरणको खाँचो

*प्यूठान कम्युनिष्ट जनमत बलियो भएको जिल्ला हो । नेपालमा कम्युनिष्ट नेताहरु जन्माउने जिल्लाको रुपमा पनि प्युठानलाई चिनिन्छ । २००६ सालमा कम्युनिष्ट पार्टी स्थापनाकालका नेताहरु खगुलाल गुरुङ, मोहनविक्रम सिंह ,मोहन बैद्य,लगायतका नेताहरु प्युठानमा जन्मेर केन्द्रिय स्तरमा नेतृत्व गरेका छन् । टुटफुट, गुठबाट ग्रसित बनेका कम्युनिष्टहरु एकताबद्ध भएर जान सकिराखेका छैनन् ।*

*यति हुँदा पनि कम्युनिष्ट जनमत नै छ। कम्युनिष्ट जनमत हेर्दा दुई तिहाई भन्दा बढी छ । कम्युनिष्ट पार्टीका नेताहरु २६ बर्ष देखि जिल्लामा पार्टी अध्यक्ष भएर बसिराखेका छन् । जनबादी केन्द्रियताको नाममा आफ्नो स्वार्थ अनुकुल एउटै ब्यक्तिलाई अध्यक्ष बनाउने परिपार्टी हुँदा युवाहरु नेतृत्वमा आउन सकिराखेका छैनन् । जिल्लामा कम्युनिष्ट जनमत पाएका नेकपा एमाले,नेकपा (माओवादी केन्द्र),राष्ट्रिय जनमोर्चा नेतृत्व वर्षौं सम्म एउटै ब्यक्ति छन्। बर्षौं सम्म एउटै ब्यक्ति नेतृत्वमा रहँदा युवा पंक्ति नेतृत्वबाट बन्चित भएको छ । जनसंख्यालाई हेर्दा पनि अहिले सबै भन्दा बढि युवाहरुको संख्या छ ।*

*वास्तवमा पार्टी निर्माण गरेका नेताहरुलाई सम्मान गर्ने परिपार्टीको विकास हुनुपर्छ । यो एउटा राजनीति संस्कार पनि हो । तर टिके प्रथालाई कायम राखेर जाँदा कार्यकर्ता असुन्तुष्टि हुने,युवा पिडि नेतृत्वमा आउन नपाउने जनमत पनि घट्दै जानसक्छ । युवाहरु नै परिवर्तनको संवाहक हुन् । नेपाली कांग्रेस प्युठानले युवा पिडिका नेताहरुलाई नेतृत्व हस्तान्तरण पार्टीमा उत्साह देखिन्छ । युवा अवस्थामा पार्टी बनाउन लागि परेका नेतृत्वलाई सम्मान गर्ने, केन्द्रिय स्तरमा पठाउने वा सल्लाहकारको रुपमा पार्टीमा भुमिका दिने परिपार्टीको विकास गरि युवाहरुलाई नेतृत्व हस्तान्तरण गर्ने परिपार्टीको विकास अन्य पार्टीले पनि गर्नु पर्छ ।*

# लोकतान्त्रिक पद्धतिका लागि नेतृत्व परिवर्तन




रामचन्द्र पौडेल

नेपाली कांग्रेस अहिले चौधौं महाधिवेशनको प्रक्रियामा जुटेको छ । सैद्धान्तिक रूपमा महाधिवेशनको अर्थ नबुझ्ने त कोही नहोला, तर यक्ष प्रश्न हामीले महाधिवेशन मार्फत पार्टीले अवलम्बन गरेका सिद्धान्त, त्यस सिद्धान्तअनुरूप नीति तथा नेतृत्व र नीति अनुरूपका कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने सुनिश्चितता दिन सक्यौं कि सकेनौं भन्ने हो । कानुनी औपचारिकताका निमित्त गरिने महाधिवेशनले पार्टीको ऐतिहासिक जिम्मेवारी पूरा गर्ने प्रणालीको विकास गर्न सक्तैन । त्यसैले महाधिवेशनका सन्दर्भमा लोकतन्त्र प्रति आस्थावान् कार्यकर्ताहरूले कांग्रेसको सिद्धान्त के हो, यी सिद्धान्तहरूलाई लागू गर्न कस्तो नेतृत्व चाहिन्छ, विगतका नेतृत्वमा केकस्ता कमजोरी र सबल पक्षहरू रहे भन्ने बारे विवेचना गर्नु आवश्यक छ । अहिले कांग्रेसको अवस्था कस्तो छ र यो अवस्थाका निम्ति को–कति जिम्मेवार छ भन्नेजस्ता सैद्धान्तिक र व्यावहारिक पक्षमा पनि गहन विचार गर्नुपर्छ ।

### नेपाली कांग्रेसको अवस्था

मुलुकमा लोकतन्त्रको स्थापना र रक्षाका निमित्त कांग्रेसले सधैं अग्रमोर्चामा रहेर काम गरेको छ । कांग्रेस नेपालमा लोकतान्त्रिक पद्धतिको मापदण्ड बनेको छ । तर, कांग्रेसको आफ्नै अवस्था भने लोकतन्त्रको आदर्शअनुरूप हुन सकेको देखिँदैन । निरंकुश जहानियाँ शासन विरुद्ध २००७ सालमा क्रान्ति गरेको, तानाशाही पञ्चायत विरुद्ध निरन्तर ३० वर्ष लडेको, लोकतन्त्रको पुन:स्थापनाका निमित्त २०४६ र २०६२/६३ सालका जनआन्दोलनको नेतृत्व गरेको, नयाँ संविधान जारी गर्न अगुवाइ गरेको पार्टी कांग्रेसमा




अहिले आन्तरिक लोकतन्त्रको अभाव खड्किँदै छ । संसदीय निर्वाचनमा कम्युनिस्टहरूसँग हार बेहोर्नुपरेको छ । अहिले विशेष परिस्थितिमा सरकारको नेतृत्व गर्ने अवसर प्राप्त भए पनि कांग्रेसका आदर्श, मूल्य र मान्यता अनुरूप हामीले सरकारमा उपस्थिति जनाउन सकेका छैनौं । कम्युनिस्टहरूको फुटलाई नै अवसरका रूपमा हेर्नुपर्ने अवस्था कांग्रेसका निमित्त गर्वको विषय कदापि होइन ।

लोकतन्त्रप्रति प्रतिबद्ध भएका कारण कांग्रेस विधि र विधान अनुरूप चलोस् भन्ने जनअपेक्षा छ । तर, पार्टी नेतृत्वले पटकपटक विधान मिचेर, यसका व्यवस्थाहरूको ठाडो उल्लंघन गरेर त्यो अपेक्षामाथि कुठाराघात गरेको छ । महाधिवेशनभन्दा एक वर्षअघि वितरण गरिसक्नुपर्ने क्रियाशील सदस्यता महाधिवेशन ढोकैमा आइ सक्दा पनि विवादित छ । भ्रातृसंस्थाहरू भताभुंग छन्, विभाग र प्रतिष्ठानमा मनपरीतन्त्र छ । महाधिवेशन सम्पन्न भएको ६ महिनामा पूर्णता दिनुपर्ने विभागहरूलाई गुटको तुलोमा जोख्दै पाउमा धार्नी थप्ने काम गरिएको छ । नीतिनियम र विधानविपरीत हजारौं चिठी काटिएका छन् ।

### राजनीतिप्रति वितृष्णा

अहिले देशको राजनीति विषम मोडमा छ । तीनचौथाइ शताब्दीदेखि लोकतन्त्रका निमित्त गरिएका संघर्षहरूले आशानुरूप परिणाम दिन सकेका छैनन् । आम मानिसमा राजनीतिप्रति नै वितृष्णा पैदा भएको छ । युवाहरू राजनीतिबाट क्रमश: पलायन हुँदै गएका छन्। आम नागरिकमा राजनीति, राजनीतिक दल र नेतृत्व वर्गप्रति सद्भाव र सम्मान भाव घट्दै गएको छ । यस्तो वितृष्णा किन पैदा भयो भन्नेबारे गहन विचार र विश्लेषण गरेर तद्नुरूप नीति तथा कार्यक्रम तय गर्न आवश्यक छ । आम नागरिकमा राजनीतिप्रति वितृष्णा पलाउनुको प्रमुख कारण लोकतन्त्रको संस्थागत विकास हुन नसक्नु नै हो । विगत ७५ वर्षदेखि आम नागरिक लोकतन्त्रको स्थापनार्थ र रक्षार्थ लगातार सडकमा उत्रनु परिराखेको छ । तर, लोकतन्त्र केही सीमित स्वार्थी तत्त्वहरूको हतियार भएको छ । लोकतन्त्रलाई चुनावमा सीमित गर्न खोजिएको छ र त्यही चुनाव पनि इमानदारीपूर्वक हुन सकेको छैन ।

आवधिक निर्वाचनले मात्र लोकतन्त्रको ग्यारेन्टी गर्दैन, यो त एउटा संस्कार हो । व्यक्तिव्यक्तिमा लोकतान्त्रिक आचरण, हरेक संस्थामा लोकतान्त्रिक व्यवहार र हरेक पार्टीमा लोकतान्त्रिक संस्कार बस्न सके मात्र लोकतन्त्र मौलाउँछ, लोकतन्त्रको जग मजबुत हुन्छ । आवधिक निर्वाचनका साथै संस्थाहरू पारदर्शी, जिम्मेवार र जवाफदेह भए मात्र लोकतन्त्र मजबुत हुन सक्छ । यसका लागि पार्टीमा आन्तरिक लोकतन्त्र पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । अन्तत: देशमा लोकतन्त्रको विकास गर्ने जिम्मेवारी पार्टीहरूको हो । त्यसैले पार्टीमा आन्तरिक लोकतन्त्र बिना देशमा लोकतन्त्रको संस्थागत विकास हुन सम्भव छैन ।

### नेता बलिया, पार्टी कमजोर

आफैंले निर्धारण गरेको संगठनको ढाँचा अनुसार, आफैंले बनाएको विधान अनुसार पार्टी चल्न सक्ने कि नसक्ने ? पार्टीमा आन्तरिक लोकतन्त्रको यो प्रश्न बारबार नेपाली कांग्रेसमा उठिरहेको छ । कमजोर पार्टीको बलियो नेता लोकतन्त्रका लागि हितकर मानिँदैन । कुनै पनि लोकतान्त्रिक दलमा नेता होइन नीति अपरिहार्य हुनुपर्छ । विधि, पद्धति र नियम अपरिहार्य हुनुपर्छ । यसो भए मात्रै पार्टीमा आन्तरिक लोकतन्त्र सुनिश्चित हुन्छ । नेताको अनुकूलमा विधि–पद्धति चल्ने हैन, विधि–पद्धतिअनुकूल नेता चल्नुपर्छ । चाहे पार्टी सञ्चालनमा होस् या राज्य, व्यक्ति होइन, विचार र विधि प्रधान हुनुपर्छ ।

यस्ता कुरातर्फ गम्भीर नहुने र विधि–पद्धति आफ्ना सुविधा अनुकूल सञ्चालन गर्ने हो भने यहाँ लोकतान्त्रिक व्यवस्थाको निर्माण हुनै सक्तैन । अहिले नेपालमा जवाफदेहीको अभाव खड्किँदै गएको छ । जनताप्रति उत्तरदायित्वको भावनाको परित्याग भइरहेको छ । जनताले दिएको जिम्मेवारी भुलेर जनप्रतिनिधिले सदनको उपेक्षा गर्ने, संविधानले नदिएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा नै विघटन गरिदिने र समस्याको समाधान खोज्न राजनीतिक मञ्च भन्दा बाहिर अदालतको शरणमा पुग्नुपर्ने जस्ता अवस्था उत्पन्न भैरहेका छन् । यसरी राजनीतिक क्षेत्र पंगु बन्दै जान थालेपछि, राजनीतिक संस्थाहरूमा भर पर्न नसकिने भएपछि समाधानको खोजीमा कहाँकहाँ पुग्नुपर्ने हो ? अराजकता बढ्दै जाँदा राजनीति कसको हातमा पुग्ने हो ? गम्भीर प्रश्न उठिरहेका छन् ।

आज कांग्रेसलाई आफ्ना नेताहरूका आचरण र व्यवहारमाथि निगरानी राखेर प्रश्न उठाउन सक्ने सक्षम र निडर कार्यकर्ताको आवश्यकता छ । नेताको भक्तिमा लिप्त नभई, मुलाहिजामा नलागी निर्णय दिने र प्रश्न उठाउने आँट कार्यकर्तामा हुनुपर्छ । प्रश्न महाधिवेशनले कसलाई कुन पदमा चयन गर्छ भन्ने मात्र होइन, यसले पार्टीलाई कुन दिशामा लैजान्छ भन्ने हो । कुन विचार र पद्धति स्थापित गर्छ भन्ने मुख्य चासो हो । अहिले नेपाली समाजलाई लोकतन्त्रीकरण गर्ने एवं लोकतान्त्रिक व्यवहार र आचरणमा अभ्यस्त गराउने अभियान नै चलाउनु अपरिहार्य छ । समाजमा यसरी लोकतन्त्रीकरणको अभियान चलाउने अभिभारा बोक्नुपर्ने पार्टी पहिले आफैं आचरण, व्यवहार र अठोटबाट लोकतान्त्रिक हुनु जरुरी छ । अर्थात्, कांग्रेस पार्टीमै आन्तरिक लोकतन्त्र र लोकतन्त्रीकरणको आवश्यकता छ । र, यसका लागि लोकतान्त्रिक र वैचारिक नेतृत्व आवश्यक छ । विचारले नै कुनै पार्टी र समाजलाई अगाडि जाने बाटो देखाउँछ । लोकतान्त्रिक विचार र आचरण नभएको नेतृत्वले न पार्टीलाई रूपान्तरण गर्न सक्छ न त देशलाई नै ।

### लोकतन्त्रका निमित्त थकानरहित लडाई

प्रथम राष्ट्रपति निर्वाचन प्रसंगमा मेरो नाम

बाँकी ६ पेजमा.....

# प्यूठानका २ खेलाडी इपिएलमा डेव्यु

टुआर क्षेत्री
प्यूठान

प्यूठानका २ क्रिकेट खेलाडिले एभरेष्ट प्रिमियर लिग (इपिएल) मा डेव्यू गरेका छन् । पहिलो पटक इपिएलमा आवद्ध रहेका प्यूठानका द्वय चाइनामेन स्पिनर तूल बहादूर थापा र बायाँ हाते तीव्र गतिका बलर प्रतिश जि.सी.ले पहिलो खेलमै डेव्यू गरेका हून् । भैरहवा ग्ल्याडियटर्समा आवद्ध थापा पोखरा राइनोज विरुद्धको खेलमा डेव्यू गर्ने मौका पाएका हुन् । सो खेलमा उनले १।१ ओवर वलिङ गर्दै उत्कृष्ट १ विकेट लिएका थिए । उनले केस्रिक विलियम्सलाई शुन्य रनमा आउट गरेका थिए । उक्त खेल वर्षाका कारण रद्ध भएको थियो । विराटनगर वारियर्समा आवद्ध रहेका जि.सी.ले चितवन टाइगर्स विरुद्धको खेलमा डेव्यु गर्ने मौका पाएका हून् । उक्त खेलमा उनले ४ ओवर वलिङ गर्दै २२ रन खर्चेर १ विकेट लिन सफल भए । उनले चितवनका प्रमुख





ब्याट्सम्यान मोहम्मद शाहजादलाई आउट गराएका थिए । उक्त खेलमा उनको टिम विराटनगर वारियर्स चितवन टाइगर्ससँग २ विकेटले पराजित भएको थियो । प्यूठानको नौबहिनी गाउँपालिका डाम्री घर भएका थापा घरेलु क्रिकेट भने दाङबाट खेल्ने गर्दछन् । प्यूठानमा जिल्ला क्रिकेट संघ नहुँदा उनले दाङबाट घरेलु क्रिकेट खेल्दै आएका हुन् ।

उनलाई इपिएलका लागि भैरहवा ग्ल्याडियटर्सले न्यूनतम मूल्य ५० हजारमा अनुबन्ध गरेको हो । प्यूठान झिमरुक गाउँपालिका लामाचौर घर भएका प्रतिशले भने यस अघिका दुई संस्करणका प्रधानमन्त्री कप बागमती प्रदेशबाट खेलेका थिए । नेपालको यू १९ र यू १६ दुबै खेलका बायाँ हाते बलर प्रतिश पछिल्लो समय सिनियर टोलीको नेट बलरको रुपमा रहँदै आएका छन् । प्रतिश पहिलो पटक फ्रेन्चाइज लिगमा अनुबन्ध भएका हुन् । यसअघि ट्यालेन्ट हन्टबाट २०१७ को इपिएलमा ललितपुर प्याट्रियट्ससँग जोडिएका थिए । पाचौ इपिएलका लागि विराटनगर वारियर्सले जि.सी.लाई न्यूनतम ५० हजारमा अनुबन्ध गरेको हो ।

# पोषण सुधारका लागि प्रशिक्षक प्रशिक्षण

प्रज्वल पहाडी
प्यूठान

बृहत पोषण प्याकेज सम्वन्धी एकहप्ते प्रशिक्षक प्रशिक्षण तालिम शुक्रवार देखि विजुवारमा सुरु भएको छ । विभिन्न गाउँ तथा नगरपालिका अन्तर्गत स्वास्थ्य शाखा तथा स्वास्थ्य चौकिमा कार्यरत दुई/दुई जना प्रतिनिधिहरुको सहभागीतामा तालिम संचालन गरिएको हो । पालिका स्तरको प्रतिनिधिहरुलाई तालिम पश्चात प्रत्येक स्वास्थ्य कर्मीलाई समेत तालिम संचालन गरिने स्वास्थ्य कार्यालय प्यूठानका प्रमुख मधुसुदन खड्काले बताए ।

"एक हप्ता सम्म पुन स्वास्थ्यकर्मीलाई समेत तालिम दिईने छ" प्रमुख खड्काले भने, "तालिम पश्चात पोषण सुधारमा योगदान पुग्ने अपेक्षा लिएका छौं ।" समुदाय स्तरमा समेत पोषण लक्षीत कार्यक्रमहरु संचालन गर्न महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकालाई समेत तालिम दिएर अगाडी वढ्ने उनले बताए । तालिमले नयाँ सिकाई संगै पुर्नताजगि गर्दै पोषण संग सम्वन्धी विभिन्न क्रियाकलाप संचालन र पोषण अवस्था सुधारमा समेत



सहयोग पुग्ने बताए । तालिमको उद्घाटन शत्रमा तालिमको उद्येश्यमाथी प्रकाश पार्दै स्वास्थ्य कार्यालय प्यूठानका अधिकृत पुष्कल प्रसाद श्रेष्ठले न्यून पोषणको चक्र तोड्न तालिम आयोजना गरिएको बताए । पोषणका सुचकहरुको सुधार गर्दै दिगो विकासको लक्ष्य प्राप्तीलाई समेत केन्द्रीत गर्ने उनको भनाई छ । सुआहारा कार्यक्रम साझेदार संस्था मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रका अध्यक्ष निर्मल प्रसाद श्रेष्ठले स्वास्थ्य तथा पोषण संग सम्वन्धित सरकारी तथा अन्य निकायहरु संगको सहकार्यलाई जोड दिदै कार्यक्रम अगाडी बढाउदै आएको बताए । एक हप्ताको अवधिमा पोषण संग सम्वन्धित विभिन्न विषयहरुमा केन्द्रीत रहेर तालिम संचालन गरिने सुआहारा प्यूठानका कार्यक्रम संयोजक भरत भट्टले बताए । जिल्ला स्वास्थ्य कार्यालय प्यूठानको आयोजना तथा यूएसएआइडी सुआहारा कार्यक्रमको सहयोगमा तालिम संचालन गरिएको हो ।


## असौज महिनामा गर्नुपर्ने कृषि कर्महरू :

- रामसाई र गोलसाई जातको अलैंची टिप्ने बेला भयो ।
- धानवालीमा पतेरोको आक्रमण हुन सक्छ होसियार हुने बेला भयो।
- काउली, बन्दा, रायो, मूला, सलगम, स्वीसचार्ड, चम्सुर, पालुङ्गो, केराउ, लसुन र बकुल्ला सिमि लगाउने बेला भयो ।
- अघौटे आलु लगाउने बेला भयो ।
- पाखो बारीमा गहुँ लगाउने जमिनको तयारी गर्ने बेला भयो ।
- प्याजको ब्याड राख्ने बेला भयो तयारी गरौं।
- स्नेटिक जातको काउलीको ब्याड राख्ने बेला भयो ।
- पयाजको सेट रोपेको भए बाली भित्राउने बेला भयो ।
- मौरी पालक कृषकले घार निरिक्षण गर्ने र मह निकाल्ने बेला भयो ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
बुटवल, नेपाल


## छोटकरी

### ओखरकोट स्वास्थ्य चौकीमा अल्ट्रासाउण्ड सेवा

प्यूठान । जिल्लाको ओखरकोट स्वास्य चौकिमा अल्ट्रासाउण्ड सेवा सुरु गरीएको छ । गर्भावस्थामा रहेका महिलाहरुको समयमै गर्भजाँच गरी जटिलता पत्ता लगाई समस्याको पहिचान गर्ने उदेश्य अनुरुप बिहिवारदेखि झिमरुक ५ मा रहेको स्वास्थ्य चौकि बाट सेवा सुरु गरीएको हो ।

गर्भावस्थाका महिलाहरुको उचित व्यवस्थापन गर्ने र मातृ तथा नवजात शिशुको मृत्यु दर घटाउने उदेश्यले झिमरुक गाउँपालिका अन्तर्गत रहेको स्वास्थ्य चौकीबाट सेवा सुचारु गरिएको हो । झिमरुक गाउँपालिका उपाध्यक्ष पवित्रा जि.सी.ले सेवाको उदघाटन गरेकी हुन् । गा.पा. अन्तर्गत र त्यस सेवा क्षेत्रभित्र पर्ने सवै गर्भवती महिलाहरुले ओखरकोट स्वास्थ्य चौकीबाट निशुल्क अल्ट्रा साउन्ड सेवा लिन पाउनेछन । सेवा सञ्चालनका लागि प्रदेश सरकारको अनुदान स्वरुप करिब ६ लाख ७६ हजारको बराबरको अनुदान उपलब्ध भएको स्वास्थ चौकीकि प्रमुख बिजुला बि.सि.ले बताइन । यहाँ सेवा सुरु गरीएपश्चात महँगो पैसा तिरेर घन्टौ धाएर महिलाहरुलाइ शहर धाउनुपर्ने बाध्यता हट्ने भएको छ ।

### छिनछिनमै विद्युत आउने जाने : उपभोक्तालाई हैरानी

विजुवार । पछिल्लो समय प्यूठानमा बिद्युत आउने जाने समस्या धेरै बढेको छ । दैनिक ५० देखि ६० पटक सम्म विद्युत जान थाले पछि सेवाग्राहि हैरान भएका छन । बिद्युतबाट संचालन हुने विभिन्न उद्योग धन्दाहरु संचालन हुन नसकेको सेवाग्राहि बताउछन । बिद्युत मिनेट मिनेटमा जान थालेपछी व्यवसाय संचालनमा समस्या भएको प्यूठान नगरपालिका ३ व्यबसायी हेमन्त पाठकले बताए ।

प्युठानबाट उत्पादन हुने विद्युतले प्यूठान,रोल्पा,दाङ,अर्घाखाचिमा संचाल भएको छ । उत्पादन हुने विद्युत धेरै ठाउँमा विस्तार भएको हुनाले यस्तो समस्या भएको नेपाल विद्युत प्राधिकरण जुम्री वितरण केन्द्रका कार्यलय प्रमुख लोकबहादुर खड्काले बताए । पछिल्लो समय विद्युत जानुको मुख्य समस्या भनेको एउटा सवस्टेसनबाट धेरै ठाउँमा विद्युत विस्तार हुनु र अर्घाखाचिको विद्युत विस्तारले प्यूठानमा समस्या बढी देखिएको खड्का को भनाई छ ।

एकै ठाउँबाट विस्तार भएको विद्युत बर्खाको समयमा पहिरो जान्छ खड्काले भने, 'एक ठाउँमा विग्रीयो भने सवै ठाउँ विद्युत अवरोध हुन्छ ।' पछिल्लो समय पावोर हाउसमै समस्या देखिएको खड्काले बताए ।

प्यूठान नगरपालिका ८ दम्तीमा निर्माण भएको सवस्टेसन सञ्चालन गर्न पहल भइरहेको कार्याल्यले जनाएको छ । 'पुराना पोल हटाएर नयाँ राख्ने काम भइरहेको छ,' खड्काले भने,' दुइ तिन महिना पछी सवस्टेसनको काम सम्मपन्न भए बिद्युत आउनेजाने समस्या हल हुन्छ ।'

### टिप्परको ठक्करबाट घाइते मजदुरको मृत्यु

बाहाने । टिपरको ठक्करबाट घाइते एक जनाको ज्यान गएको छ । आईतबार सांझ अधेरीखोला नजिकै लु १ क १३५७ नम्वरको टिपरको ठक्करबाट नौबहिनी गाउँपालिका-७ लुप्लुङका ३७ वर्षिय यामबहादुर दमाई घाइते भएका थिए । जिल्ला प्रहरी कार्यालय प्युठानका अनुसार ईट्टा लिएर लुप्लुङ जाँदै गरेको टिपरको ठक्करबाट गम्भिर घाइते दमाइको उपचारका लागि भैरहवा लैजादै गर्दा बाटोमै ज्यान गएको हो । मृतक दमाई बाग्दुला बाहाने खण्डमा सडकमा काम गर्ने मजदुर हुन । प्रहरीले टिप्पर चालकलाई नियन्त्रणमा लिई कानुनी कार्वाही तथा आवश्यक अनुसन्धान गरीरहेको छ ।

### थापाको नेतृत्वमा एमाले निकट व्यवसायि संगठित

विजुवार । नेकपा एमाले निकट व्यवसायीहरुले नेपाल राष्ट्रिय उद्योग व्यवसाय महासंघ जिल्ला समिति प्यूठान स्थापना गरेका छन् । गन्ज बहादुर थापाको अध्यक्षतामा शनिवार ५५ सदस्यीय समिति गठन भएको हो । महासंघको उपाध्यक्षमा पशुपति श्रेष्ठ र प्रसुजता जि.सी. चयन भएकी छिन् । त्यसैगरी सचिव पदमा सन्देश आचार्य चुनिएका छन् । जिल्ला समितिमा जिल्लाका सबै स्थानीय तहबाट प्रतिनिधित्व हुने गरी सदस्य मनोनित भएका छन् । कार्यक्रममा महासंघका लुम्बिनी प्रदेशका पदाधिकारीको सहभागीतामा प्रदेश सांसद हरी प्रसाद रिजालको प्रमुख आतित्थ्यता रहेको थियो ।

**सानै उमेरमा.....**

साथले क्रिकेटलाइ थप उत्कृष्ट बनाउदै लगेका छन् । अहिले उनी भेषवाकरको कप्तानीमा एभरेष्ट प्रिमियर लिग (इपिएल) मा छनौट भएका छन् । 'यहाँसम्म आइपुगेर खेल खेल्न पाउनु आफ्नो लागि सपना जस्तै लागेको छ', उनले भने, 'नेपालका लागि खेल क्षेत्रबाट केहिँ देखाउने मौका मिलेको छ ।'

**भैरहवा ग्ल्याडियटर्सको टोली :**

शरद भेषावकर (कप्तान), रोहित कुमार पौडेल, आरिफ शेख, कुशल मल्ल, अभिनाश बोहरा, प्रदीप ऐरी, भुवन कार्की, कृष्ण कार्की, हरिशंकर शाह, दीपेश श्रेष्ठ, विकास आग्री, दुर्गेश गुप्ता, हिमान्शु दत्त, तुल बहादुर थापा, मौसम ढकाल, तमिम इकबाल (बंगलादेश), उपुल थरंगा (श्रीलंका), धाम्मिका प्रसाद (श्रीलंका) र शार्विन मुनिआन्दी (मलेसिया) ।

**बढ्यो जस्पुरको .....**

*जस्पुर क्षेत्रको घरजग्गा पनि बढेर छोइसक्नु छैन । जस्पुरको मुख्य चोकदेखि रोल्पा जाने सडक दायाँ/बायाँ पाँच लाख मिटर बढीका घडेरीको मूल्य पर्ने स्थानीय बताउँछन । जस्पुर देखि देविस्थान तर्फ सडक किनारका भित्ता खारेर घडेरी बनाइएका छन् । घडेर निकै महँगो परेपनि यस क्षेत्रमा धमाधम घर निर्माण भइरहेका छन् । स्वर्गद्वारी दर्सन गर्न आउने थीर्तयात्रीका कारण होटलमा खाना खानेहरु बिहानदेखि बेलुकासम्मै भिड भइरहने गर्छ । पछिल्लो समय यहाँ ठूला होटलहरु पनि थपीदै गएका छन् । यहाँको सडकलाई सहायका मार्गको रुपमा वर्गीकरण गरीएको छ । सडकको केन्द्र विन्दुवाट दायाँ-बायाँ १५ र १५ मिटर कायम गरिएको छ । यस क्षेत्रमा त्यसै अनुसार घरहरु निर्माण हुँदा जस्पुर चिटिक्क देखिन्छ । सडक पनि फराकीलो छ । झिमरुक जल विद्युत केन्द्र बुटवल पावर कम्पनीको पावर हाउस समेत यहि जस्पुरमै पर्छ । पावर हाउस हेर्न आउनेहरु पनि धेरै हुन्छन् ।*

# सम्झनामा खगुलाल गुरुङ



गिरुप्रसाद भण्डारी

कुनै सयम कम्युनिस्ट पार्टी हुँ भन्दा जेल जानुपर्थ्यो । त्यसैले त्यो बेला प्यूठानमा कम्युनिष्ट पार्टीको विउ पनि थिएन । बाहिर पढ्न गएकाहरु पनि जिल्लामा आएर कम्युनिस्ट भन्न सक्दैनथे । यस्तो बेला खगुलाल गुरुङ सहित ७ जनाले पहिलो पटक प्यूठानमा कम्युनिस्ट पार्टी गठन गरे । यसको नेतृत्व गुरुङ र मोहोनबिक्रम सिंहले गरेका थिए ।

विसं.१९७५ भदौ २५ गते तत्कालीन बाग्लुङ जिल्लाको खरा गाउँमा जन्मिएका उनी १९८४ मा प्यूठानको नारीकोटमा बसाइ सरे । हाल नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहका बुबा खिमबिक्रमसँगको संगतले नै उनी राजनीतिमा लागेको बताउथे । पछि मोहनविक्रम संगै गुरुङ राजनीतिमा भुमिगत भए । विशेष गरेर उनीहरुले नै प्यूठान आसपासका जिल्लामा कम्युनिस्ट विचार फैलाए । गुरुङले बसालेको कम्युनिस्ट पार्टीको जगले नै प्यूठान, रोल्पा, अर्धाखाँची,



बाग्लुङ, रुकुम लगायत जिल्ला कम्युनिस्ट बिचारको किल्ला मानिन्छ । यसैको जगमा यो क्षेत्रमा धेरै कम्युनिस्ट नेता, सभापति, सांसद, मन्त्री भए । रोल्पाबाट चुनाव लडेर पुस्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री समेत भए । रोल्पाको थवाङमा महिनौ बसेर गुरुङले कम्युनिस्ट पार्टीको जग हालेका थिए ।

कम्युनिस्ट राजनीतिमा लागेकाले गाउँका केही अगुवा व्यक्तिहरुले गुरुङलाई जग्गा भोग चलन गर्न दिएका थिएनन् । यस्तो अवस्थामा गुरुङले त्यो बेला प्यूठानको ओखरकोट, नारिकोट क्षेत्रमा एकछत्र दवदवा रहेका खिमविक्रमको सहारा लिन परेको थियो । 'सधैं मित्र मित्र मात्र हुदैनन्,' गुरुङले भन्थे, 'मित्र ठानेका खिमबिक्रलाइ 'महासामन्त' घोषणा गररे विद्रोह गर्न परेको थियो ।' खिमविक्रम विरुद्ध वर्गीय र नैतिक आचरणको विषयमा विद्रोह गरेको गुरुङ बताउथे । २००६ सालमा गठन भएको नेपाल कम्युनिस्ट पार्टीलाई प्यूठानमा विस्तारित गर्न मुख्य श्रेय मोहनविक्रमसिंह र खगुलाललाई जान्छ । उनीहरुकै नेतृत्वमा २००९ सालमा प्यूठानको रातामाटामा पहिलो पटक कार्यकर्ता प्रशिक्षण आयोजना गरेका थिए । त्यस यता कम्युनिष्ट पार्टीको कार्यकर्ता उत्पादन क्रम बढेको ठानिन्छ । सुरुमै उनीहरुले तीन महिने शिविर चलाए । त्यसैबेला पाण्डेडाँडामा बसेर ७ जनाको कमिटी बनाएका थिए । संस्थापक ७ मध्ये अब मोहनविक्रम सिंह मात्र जीवित छन् ।

रातामाटामा शिबिरको प्रशिक्षक खगुलाल नै थिए । गुरुङकै नेतृत्वमा प्यूठानको झिमरुक फाँटमा 'साहु'हरुले अधिंया लगाउँन दिदा किसानलाई ठग्ने बिषयमा पहिलो हात हाले । गुरुङले पंक्तिकारलाइ त्यो बेलाको आन्दोलन बारे बडो रोचक ढंगले सुनाएका थिए । यो बेला जग्गा अधिया लगाउने चलन थियो । जग्गा मालिकले अधिया लगाउनेलाइ थोरै मात्र आम्दानी दिन्थे । हामीले बराबर भाग लागाउनु पर्छ भनेर अधिया लगाउने किसानको पक्षमा लाग्यौ ।


'किसान ठग्नेहरुको रातभरि पहिचान गर्थ्यौं । साहुको धानको खराइमा झण्डा गाड्थ्यौं । किसानलाई अधिया धान बुझेको भरपाइ गराउथ्यौं ।' किसान ठग्नेहरुलाई कारवाही गर्ने र किसानलाई मोहीयानी हक अन्तर्गत जग्गा दिलाउने त्यो बेलाको उद्देश्य थियो । यसपछि प्यूठानमा कम्युनिस्ट पार्टी निकै पपुलर भएको गुरुङ सुनाउथे । अखिल नेपाल किसान संघ प्यूठान गठन गरेर जिल्लाभर अधिया आन्दोलन चलाएका थिए । यही क्रममा २०११ सालमा मोहनविक्रम सिंह, रुमबहादुर पाण्डे, सिद्धिमान सिंह, नन्दलाल गुरुङ र हेमराज पण्डित सहित खगुलाल पनि पक्राउ परे । १९ महिना पछि २०१३ सालमा जेलबाट छुटे ।

२०१५ सालको संसदीय चुनावमा उनी क्षेत्र नम्बर ८४ बाट नेपाल कम्युनिस्ट पार्टीको तर्फबाट उम्मेदवार बनेका थिए । निर्वाचनमा पराजित भएपछि रोल्पाको थवाङ क्षेत्रमा संगठनको आधार निर्माण गर्ने जिम्मेवारी लिई त्यहाँ पुगेका थिए । जेल बस्दा नै भेट भएका रोल्पा थबाङका बर्मन बुढालाई उनले नै कम्युनिस्ट बनाएका हुन् । २०४८ सालमा रोल्पामा जनमोर्चाका तर्फबाट संसदमा निर्वाचित भएका बुढामगरलाइ गुरुङकै नेतृत्वका जिताइएको थियो । त्यबेला थबाङबाट कम्युनिष्टलाई सबै भोट परेको थियो । प्यूठान र रोल्पा क्षेत्रका कम्यूनिस्ट कार्यकर्ता सबैका गुरुङ अग्रज मानिन्छन् । सम्मान र मर्यादाका हिसाबले साझा नेताका रूपमा कम्यूनिस्टहरुले गुरुङलाइ लिन्थे । २०७२ मंसिरमा गम्भीर बिरामी परेर काठमाडौंमा उपचार गर्न पुग्दा गुरुङलाई सबै कम्यूनिस्टहरु मिलेर अभिनन्दन गरेका थिए । मोहनविक्रम सिंहको संयोजकत्वमा अभिनन्दन समारोह समिति नै बनाइएको थियो । कार्यक्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, एमाओवादीका तत्कालीन अध्यक्ष पुष्पकलम दाहाल, नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य, एमाले उपाध्यक्ष वामदेव गौतम, नेकपा (माले) का महासचिव एवं तत्कालीन उपप्रधानमन्त्री सी.पी.मैनाली, क्रान्तिकारी कम्युनिस्ट पार्टीका महासचिव मणि थापा, नेकपा (संयुक्त) का अध्यक्ष गणेश शाह र एमाओवादी नेता लीलामणि पोखेल लगायत नेपालका विभिन्न कम्युनिस्ट घटकका शीर्ष नेताहरुको उपस्थितिमा अभिनन्दन गरिएको थियो । त्यसबेला सबै कम्युनिस्ट एकै ठाउमा आएर सम्मान गर्दा निकै खुसी भएको गुरुङले सुनाउथे । उनी आजजीवन नेकपा मसालमा प्रतिबद्ध रहे । 'उनी भन्थे, 'नेपालमा नौलो जनबाद ल्याउने हो भने कम्यूनिस्ट मिल्नुको विकल्प हुदैन ,' तर, मिल्दैनन् ।' सम्भवत: नेपालमै सबैभन्दा जेठा १०४ वर्षीय नेता गुरुङको कम्युनिस्टहरु चीराचिरा भएकै बेला असौज ३ गते भौतिक अवसान भएको छ । हार्दिक श्रद्धाञ्जली ।


तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......

राज डेकोर होम

9857821586



घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ



## गाउँपालिकावासीहरुमा अनुरोध

हाल कोरोनाको नयाँ भेरियन्ट सहित संक्रमण तिव्र गतिमा बढिरहेको हुँदा अति आवश्यक काम नपरी घर बाहिर ननिस्कौं । अति आवस्यक काम परी घर बाहिर जानैपर्ने भएमा नाँक, मुख राम्रोसँग छोपिने गरी मास्क लगाउँ । भिडभाड नगरौं । भौतिक दुरी कायम गरौं । स्वास्थ्यका आवश्यक मापदण्डको पालना गरौं । नियमित रुपमा साबुन पानीले हात धुने गरौं वा बेला बेलामा सेनीटाइजरको प्रयोग गरौं । सजग रहौं र सचेत रहँदै

**कोरोनाबाट आफू पनि बचौं र आरुलाई पनि बचाऔं ।**

अनुरोधक
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,बिजुवार प्यूठान



## सूचना ! सूचना !! सूचना !!!

*आँखाको दृष्टि नाश गर्ने डरलाग्दो SHAPU (सापु- Seasonal Hyper Acute Pan Uveities) रोगको कारक मानिएको सेतो पुतली प्यूठान जिल्लामा समेत देखिएको छ । साँझको समयमा उज्यालो खोज्दै सेतो रङको पुतली घरसम्म आउने भएकोले धेरै उज्यालो र सेतो बत्ति नबालने, साँझ र राती झ्यालढोका बन्द गर्ने, सुत्दा झुलको प्रयोग गर्ने र पुतली देखिएमा नाङ्गो हातले नछुने गर्नुपर्दछ । एक्कासी आँखा रातो हुने, उज्यालोमा हेर्न नसक्ने र आँखाको दृष्टिमा तत्कालै कमी हुन गएमा नजिकको आँखा उपचार केन्द्र वा आँखा अस्पतालमा गई तुरुन्त उपचार गराउनुहुन र बालबालिकाहरु यस रोगको बढी जोखिममा रहने भएकाले सतर्क रहनुहुन सबैमा अनुरोध छ ।*

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान



चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं ।
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

**दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


प्यूठान कम्युनिष्टमा....

जिम्मेवारी दिन कन्जुस्याई गरिहेका छन् । यस्तो गर्दा संगठन बलियो बन्दैन । वामपन्थी राजनीति विचारको उद्गम स्थल मानिने प्यूठानमा नयाा पुस्तामा समक्ष नेतृत्व गर्ने नेताको कमी छैन ।

विद्यार्थी, युवा, अन्य जनवर्गिय संगठनको नेतृत्व गरेर पार्टीमा काम गरेका दर्जनौ युवा नेताहरु छन् । पार्टीको नेतृत्व पदाधिकारीमा रहेर काम गर्ने सक्ने नेताहरु छन् । तर, हाल नेतृत्व गरेकाहरुले आफूले बर्सौंदेखि ओगटेको पद छाड्ने छाटकाट देखिदैन । नेताहरुले खाइपाई आएको अधिकार र शक्ति आफ्नै गुटका नेतालाइ समेत हस्तान्तरण गर्न तयार छैनन् । पद जोगाउन उनीहरु यतीसम्म लालयित छन की उनीहरुलाई दोस्रो पुस्ताले प्रश्न उठाएको समेत मन पराउदैनन् । उनीहरुको जस्ले भजन मण्डली गाउाछन् उनीहरुलाइ नै आएका केहि अवसरहरु प्रदान गर्ने गर्दछन् ।

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# परिवार नियोजनः स्वस्थ र सुखी जीवनको आधार

हाल परिवार नियोजन मातृशिशु तथा बाल स्वास्थ्यको संरक्षण एवं सुधार, महिला सशक्तिकरण, सामाजिक आर्थिक लाभ र स्वास्थ्यको समग्र गुणस्तरमा सुधारको लागी एक अत्यावस्यक विधिको रूपमा मानिएको छ । आमा, नवशिशु र बाल स्वास्थ्यको सम्वृद्धि तथा विकासकालागि आवश्यक परिवार नियोजन सेवाले व्यक्ति तथा दम्पतिको प्रजनन स्वास्थ्यको चाहना र आवश्यकता पुरा गर्छ ।



**विशाल सुवेदी**

विगतका दिनहरुमा परिवार नियोजन भन्नाले आफूलाई चाहे जति सन्तान पुगे पछि मात्र थप बच्चा नजन्माउनको लागि गरिने विभिन्न उपायहरुलाई मात्र जनाउँथ्यो । कुनै बेला 'सन्तानले डाँडा/काँडा ढाकुन' भनेर दम्पतीलाई आशिर्बाद दिने समेत गरिन्थ्यो। बच्चा र आमा बिरामी भए उपचारको साटो भगवान रिसाए भनेर पूजा/आजा र भाकल गर्ने चलन थियो। मातृ तथा शिशुमृत्युलाई सामान्य रुपमा लिई बेवास्ता गरिन्थ्यो। स्वाथ्य उपचारका लागि आधुनिक उपचारात्मक आयाम भन्दा पनि अन्धबिश्वास तथा धामी झंक्रिमै उत्प्रेरित हुने चलन हिजोको दिनमा आत्यधिक नै थियो।अध्ययन अध्यापनका क्षेत्रमा पनि प्रजनन स्वास्थ्यका बिषयहरुलाई बढावा दिनुको साटो न्यून प्राथमिकतामा राखिन्थ्यो । सन् १९७० को दशकमा प्राथमिक स्वास्थ्य सेवाको विस्तार, पहुँच तथा उपभोग वृद्धि गर्दै जाने सरकारी लक्ष्य अनुरुप स्वास्थ्य क्षेत्रमा प्रतिकारात्मक, प्रर्बधनात्मक, उपचारात्मक तथा पुनःस्थापनात्मक सेवा तथा कार्यक्रम अघि सार्दै यी सँग सम्बन्धित सेवा तथा कार्यक्रमहरु नेपालको पहिलो स्वास्थ्य नीतिमा समेत समाबेस गरियो। क्रमशः अन्य नीतिहरुमा समेत उच्च प्राथमिकताका साथ लिइँदै आइएको छ ।

नेपालमा परिवार नियोजनको सुरुवात सन् १९५९ मा नेपाल परिवार नियोजन संघ र सन् १९६८ मा परिवार नियोजन तथा मातृ शिशु कल्याण योजनाको स्थापनापछि भएको पाइन्छ । नेपालमा सुरुवाती अवस्थामा जनसंख्या नियन्त्रण गर्ने मुख्य लक्ष्य लिएर शुरु भएता पनि सन् १९९० को दशकबाट यसलाई प्रजनन् स्वास्थ्यको एउटा भाग र प्रजनन अधिकारको रुपमा लिएको छ । कार्यक्रमकै निरन्तरता स्वरूप नेपाल सरकारले परिवार नियोजनलाई दिर्घकालिन तथा पञ्चवर्षिय योजनाहरुमा प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा राख्दै आएको छ। नेपालको संविधान २०७२ ले पनि प्रजनन स्वास्थ्यलाई व्यक्ति तथा दम्पत्तिको नैसर्गिक अधिकारको रुपमा लिएको छ। साथै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ र नियमावली २०७७ ले परिवार नियोजन सेवालाई अधिकारका बारेमा थप प्रस्ट्याएको छ ।

हाल परिवार नियोजन मातृशिशु तथा बाल स्वास्थ्यको संरक्षण एवं सुधार, महिला सशक्तिकरण, सामाजिक आर्थिक लाभ र स्वास्थ्यको समग्र गुणस्तरमा सुधारको लागी एक अत्यावस्यक विधिको रूपमा मानिएको छ। आमा, नवशिशु र बाल स्वास्थ्यको सम्वृद्धि तथा विकासकालागि आवश्यक परिवार नियोजन सेवाले व्यक्ति तथा दम्पतिको प्रजनन स्वास्थ्यको चाहना र आवश्यकता पुरा गर्नुका साथै व्यक्ति तथा दम्पतीलाई उनिहरूको इच्छा अनुसार उपयुक्त उमेरमा गर्भधारण गर्न, अनिच्छीत गर्भ धारणबाट बच्न, एक बच्चादेखि अर्को बच्चा विच उपयुक्त जन्मान्तर कायम गर्न एवं चाहे जति मात्र सन्तान जन्माउन मद्दत गर्दछ ।

दम्पतिहरुलाई साधन अपनाउने निर्णय गर्नुपूर्व परिवार नियोजनबाट हुने फाईदाहरू र परिवार नियोजनका उपलब्ध सवै साधनबारे आवश्यक यथोचित जानकारी उपलब्ध हुनुपर्दछ। परिवार नियोजनले आमा र बच्चालाई मात्र नभएर परिवार, समाज र राष्ट्रलाई नै फाइदा पुर्याउदछ ।

उपयुक्त जन्मान्तर कायम भएमा आमालाई यथोचित आराम एवं स्याहार पुग्दछ, आमा र बच्चाको पोषण र स्वास्थ्यमा सुधार गराउँछ, अनिश्चित गर्भधारण हुनबाट बचाउँछ, असुरक्षित गर्भपतन गर्नुपर्ने अवस्था आउन दिदैन, मातृमृत्यु हुने सम्भावना कम गराउँछ, गर्भावस्थाको कारणले हुने रुग्णता (रोग लाग्ने) कम गराउँछ, केही रोगहरूवाट बचाउँछ। जस्तैः कण्डमबाट यौन रोग, पिल्सबाट तल्लो पेटको संक्रमण, डिम्वाशयको क्यान्सर, शिक्षा र सिपमुलक तालिम प्राप्त गर्न समय पाएर आर्थिक उपार्जन कार्यमा लाग्न सकिन्छ। बच्चाले लामो अवधिसम्म स्तनपान गर्न पाउने हुनाले उसको पोषण र स्वास्थ्य पछि सम्म राम्रो हुन्छ। श्रीमान श्रीमती विचको सम्वन्ध सुमधुर बनाउन मद्धत गर्छ ।

हिजोका दिनमा जनसंख्या नियन्त्रणका रुपमा अघि सारिएको भएता पनि अहिले परिवार नियोजनलाई परिवार योजनाको महत्त्वपुर्ण आयामका रुपमा लिइएको छ। परिवार नियोजन सेवा, जानकारी तथा परामर्श सबै सरकारी स्वास्थ्य संस्थाहरूमा निःशुल्क प्रदान गरिन्छ।हाल नेपालमा अस्थाई तथा स्थायी गरि ८ वटा विभिन्न आधुनिक परिवार नियोजनको साधन/बिधी उपलब्ध छन्, र केहि प्राकृतिक बिधि समेत प्रयोगमा ल्याइएको पाइएको छ। परिवार नियोजनको प्रयोगले बार्षिक ३० प्रतिसतसम्म मातृ मृत्यु घटाउछ । प्रत्येक बर्ष १४ लाख सम्म ५ बर्ष मुनिको बालबालिकाको ज्यान बचाउछ। साथै परिवार नियोजनले दिगो विकासको सबै लक्ष्यहरु हासिल गर्न प्रत्यक्ष/अप्रत्यक्ष रुपमा महत्वपूर्ण भूमिका खेल्दछ ।



नेपालमा परिवार नियोजन कार्यक्रम सुरु भए देखिको तथ्यांक विश्लेषण गरी हेर्दा सन् १९७६ देखि २०१९ को बिचमा परिवार नियोजन सेवाको प्रयोग दर २.९ देखि ५३ प्रतिशत बढेको छ । सन् १९७६ देखि २०१९ को बिचमा कुल प्रजनन दर ६.३ बाट २.० मा घटेको छ । सन् १९७६ देखि २०१९ को बिचमा परिवार नियोजन साधनको अपरिपुर्त माग ३१ देखि २४ मा झरेको छ । साथै मातृ तथा शिशु मृत्युमा उल्लेख्य रुपमा कमि आएको छ र औसत आयु समेत बढेको छ ।

नेपालमा हाल प्रजनन उमेर समूहका ५३ प्रतिशत दम्पतिले मात्र परिवार नियोजनको आधुनिक साधन प्रयोग गरेको तथ्यांक छ। जुन लामो समय देखि स्थिर रहेको आँकडा हो । जसमा अधिकांस प्रयोगकर्ता महिला नै रहेका छन् । साथै कुल अपरिपुर्त माग २४ प्रतिशत रहेको छ भने किशोर-किशोरी (१५ देखि १९ बर्ष उमेर समुह) मा सबैभन्दा बढी परिवार नियोजन सेवाको अपरिपुर्त माग छ, जुन ३५ प्रतिशत रहेको छ।अपरिपुर्त माग विशेष दलित र मुश्लिम समुदायमा बढी रहेको तथ्यांक छ। साथै किशोरीहरुको प्रजनन दर ६३ प्रति हजार रहेको छ र जसलाई दिगो विकास लक्षका लागि ३० मा झार्ने योजना छ। साथै सन् २०३० सम्म दिगो विकास लक्षका लागि परिवार नियोजन प्रयोग दर ६० प्रतिसत पुर्याउने, नेपालको जनसंख्या नीति २०७१ अनुसार सन् २०३४ सम्म परिवार नियोजन प्रयोगकर्ता ९० प्रतिसतमा पुर्याउने सरकारी योजना रहेको छ । परिवार नियोजनका साधनहरु प्रयोग नगरी अभान्छित गर्भ रहन गई पछिल्लो समय गर्भपतन गराउने किशोर किशोरी तथा महिलाहरुको संख्या समेत उल्लेख्य वृद्धि हुदै गएको तथ्यांक रहेको छ । हाल अधिकांश प्रजनन् उमेर समुहका युवा युवतीहरु रोजगारी तथा अन्य शिलशिलामा नेपालबाट देश बाहिर जाने प्रचलन बढि रहेको अवस्था छ । यसो हुदाँ पनि नेपालमा परिवार नियोजन सेवा तथा कार्यक्रमहरुको उपभोग दरमा कमि आइ लक्ष्य अनुरुप प्रगति हासिल हुन नसकेको कुरा नकार्न सकिन्न। साथै महिलाहरुमा प्रजनन चेतनामा कमि, प्रजनन उमेरमा हुन सक्ने सम्भावित स्वास्थ्य जोखिम सम्बन्धि जटिलता बारेको ज्ञानमा कमि, ज्ञान सिप भएता पनि व्यवहारमा अनुकुलता नमिल्नु, स्थानीय स्वास्थ्य संस्थामा उपलब्ध हुने जनस्वास्थ्य सेवा तथा कार्यक्रमका बारेमा न्युन सहभागिता तथा उपभोग एबम् जानकारी नहुनु र निजी स्वास्थ्य क्षेत्रको बर्चस्व हुदै जानु, सेवाको उपभोगमा शिक्षित एबम शहरी क्षेत्रमा समेत न्यून सहभागिता जस्ता कारणहरु पनि परिवार नियोजन सेवा उपभोगका चुनौतीहरु हुन् भन्ने विभिन्न अध्ययनले देखाएको छ ।

परिवार नियोजन राष्ट्रिय रुपमा पैरवी तथा सूचना सम्प्रेषण सहजताका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले २०७१ साल देखी सेप्टेम्बर १८ तारिखलाई प्रत्येक बर्ष परिवार नियोजन दिबसका रुपमा मनाउदै आएको । यो बर्ष आठौं परिवार नियोजन सेवा दिवस 'कोभिड १९ को महामारी : परिवार योजना सेवामा सबैको पहुँच बराबरी' भन्ने नाराका साथ मुलुक भर बिबिध सचेतीकरण कार्यक्रमहरु गरि महिना भरि नै मनाइदै छ ।

मुलुक संघिय संरचनामा गए संगै स्वास्थ्य सेवाका जिम्मेवारी र दायित्वमा पनि फेरबदल भएको छ र तीनै तहका सरकारका आ-आफ्ना अधिकार क्षेत्र अनुरुप स्वास्थ्य सेवा प्रबाह भईरहेका छन्। जस अन्तर्गत आधारभूत स्वास्थ्य सेवा अन्तगतको परिवार नियोजन सेवा बारेको पैरवी, सचेतीकरण र सेवा उपलब्ध गराउने जिम्मेवारी स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्दछ र यससँग सम्बधित क्षमता विकास तथा आपूर्ति ब्यबस्थापनको पाटो संघ र प्रदेश सरकारको साझा अधिकार र जिम्मेवारी भित्र पर्दछ। अतः तीनै तहको उचित समन्वय भएमा मात्र परिवार नियोजन कार्यक्रमको दिगो तथा लक्ष अनुरुप प्रगति हुने देखिन्छ ।

स्थानीय तहको नेतृत्वमा परिवार नियोजन सेवाको प्रयोग कम र अपरिपुर्त माग बढि भएका, सेवामा कम पहुँच भएका समुदाय तथा समुह जस्तै किशोरकिशोरी, अपांगता भएका ब्यक्ति, एच.आई.भी संक्रमित, यौनिक तथा अल्पसंख्यक, सुत्केरी तथा गर्भपतन सेवा लिएका महिला, गरिब समुदाय, हिमाली, पहाडी र दुर्गम क्षेत्रमा बसोवास गर्ने व्यक्ति दम्पतिहरु र केहि विशेष जातीहरु जस्तै दलित, मुस्लिम आदि परिवार नियोजनको प्रयोग कम रहेको समुदायका साथै अन्य कुनै ठाउँ/भूगोल बिशेषका प्राथमिकताका क्षेत्र समेत पहिचान गरि सुक्ष्म योजना गराई सेवाको विस्तार गर्न सके उपभोगमा उल्लेख्य वृद्धि गर्न सकिन्छ। साथै समुदायका अगुवा, स्वास्थ्य आमा समूहका सदस्यहरु, महिला स्वास्थ्य स्वयम् सेविका तथा नियमित साधन प्रयोगकर्ता समेतको अगुवाईमा सहरी तथा ग्रामिण क्षेत्रमा परिवार नियोजन र यस्को प्रयोगका बारे विद्यमान नकारात्मक धारणा र सोच समेत बदल्न सचेतिकरण अभियान संचालनमा ल्याउन जरुरी छ ।

विद्यालय शिक्षा पाठ्यक्रममा परिवार स्वास्थ्यका सबै आयामहरुलाई समाहित गर्ने, विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा किशोरकिशोरी लक्षित बिबिध क्षमता विकासका कार्यक्रम योजना गर्ने, विद्यालय र स्वास्थ्य संस्थाको तादम्यता मिलाई किशोरकिशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य क्रियाकलापलाई बढावा दिने, स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुको क्षमता विकास गरि सबै स्वास्थ्य संस्थामा कम्तिमा पाँच प्रकारका अस्थायी साधनको सुनिस्चितता गर्दै लामो अवधिका साधनलाई विशेष जोड दिने, स्थायी बन्ध्याकरण सेवालाई कम्तिमा स्थानीय तह स्तर सम्म नियमित गर्ने, परिवार नियोजन कार्यक्रमलाई बहुनिकाय समन्वय गर्दै अन्य जनस्वास्थ्यका कार्यक्रमसँग समेत एकीकृत गर्दै लैजाने, संस्थागत प्रसुतीलाई अनिबार्य गरि सुत्केरी पश्चातको परिवार नियोजन र परामर्शलाई बिषेश महत्व दिने, परिवार नियोजन सेवा उपभोगमा पुरुषको सहभागिता बढाउदै लैजाने, पहुँच बाहिरको बस्तीमा सेटलाइट क्लिनिक मार्फत सेवा विस्तार गर्ने, निजी तथा गैरसरकारी क्षेत्रलाई पनि निःशुल्क सेवा प्रदान गर्न अनिवार्यता गर्ने र सोहि अनुसारको अभिलेख राखी प्रतिवेदन गर्ने, आबस्यकता अनुसार अध्ययन र अनुसन्धानलाई समेत जोड दिई प्राप्त नतिजा र सुझाबलाई अनुसरण गर्दै जाने, मानिसहरुको आवतजावत बढी हुने सार्बजनिक क्षेत्रमा विभिन्न सचेतीकरण होर्डिङ बोर्ड राख्ने, सिनेमा घर, टेलीभिजन र अन्य संचारका माध्यमहरुबाट सूचना मुलक सामग्री प्रसारण तथा प्रकाशन अनिवार्यता गर्ने जस्ता विविध बिधि तथा कार्यक्रमहरु थालनी गर्न सके परिवार नियोजन कार्यक्रममा उल्लेख्य सुधार ल्याउन सकिन्छ ।

प्रजनन स्वास्थ्यको अवस्था र गुणस्तरीय जीवनयापनमा सुधार ल्याई गरिवी निवारणमा समेत टेवा पुर्याउने परिवार नियोजन एक लागत प्रभावकारी विधि हो, जसले जीवन बचाउछ। जसमा १ रुपैया लगानी गर्दा खोप सेवा, प्राथमिक शिक्षा, बालबालिकामा हुने निमोनिया, मातृ स्वास्थ्य र खानेपानी तथा सरसफाई जस्ता बिषयगत क्षेत्रमा ३.१ रुपैया सम्म फाइदा हुन्छ भन्ने तथ्य रहेको छ । अतः यौन, परिवार स्वास्थ्य तथा परिवार नियोजन जस्ता सेवाहरुलाई अधिकारमुखी कार्यक्रमका रुपमा विकास गरि स्वस्थ जीवनयापन र उपयुक्त जीवनशैली एवंम् वातावरण तयार गरि स्वस्थ, र सुखी परिवारको आधार तय गर्न परिवार नियोजनमा जोड दिऔ, सबैले आ-आफ्नो तबरबाट पैरवी र हातेमालो गरौं। -(सुबेदी वरिष्ठ जनस्वास्थ्य अधिकृत हुन् ।)

झुलेनी पोष्ट
साप्ताहिक
सूचना, विज्ञापन, समाचार, लेख रचना वा सुझाव सल्लाहका लागि हामीलाई सम्पर्क
०८६-५९०४३६, ९८४७९१७४११
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड
Email : jhulenipyuthan@gmail.com

लोकतान्त्रिक पद्धतिका.....

अघि सारिँदा मैले गिरिजाबाबुसँग भनेको थिएँ, ...देशमा लोकतन्त्र अझै सुरक्षित हुन सकेको छैन । लोकतन्त्रको लडाइँ बाँकी नै देख्छु । त्यसैले म त्यो लडाइँ मैदानमै रहेर लड्न चाहन्छु । नभन्दै त्यो बेलाको मेरो अन्दाज आज सही साबित भयो । लोकतन्त्रकै लागि हामीले अहिले पनि लड्नुपरेको छ । त्यो लडाइँ मैले तनहुँको बुल्दी पुल उद्घाटन काण्डदेखि लडिरहेको छु । अधिनायकवादी सोचले अघि बढेको सरकारविरुद्ध बुल्दी पुलबाट सुरु भएको लडाइँ कानुनी मैदानमा पुगेर सकिएको छ । तर, यस्ता लडाइँ फेरि पनि लड्नु नपर्ला भन्न सक्ने अवस्था देखिँदैन ।

अमेरिकी लोकतन्त्रको अहिलेसम्मको इतिहासमा कहिल्यै नभएका कामकुरा लोकतान्त्रिक तरिकाले निर्वाचित राष्ट्रपति डोनल्ड ट्रम्पले गरेर देखाए । सत्ता पाएपछि छोड्नै नचाहने जुन प्रवृत्ति उनले देखाए, त्यो अहिले नेपालमा पनि देखिइराखेको छ । आफ्नै पार्टीको बहुमत भएको संसद् दुई दुई पटक भङ्ग गरेर केपी ओलीले जुन अधिनायकवादी चरित्र देखाए, त्यस विरुद्ध यहाँसम्म लड्नुपऱ्यो । संसद् जोगिएर एउटा खड्को टरे पनि लोकतन्त्रमाथिको संकट अझै टरेको छैन । महत्वाकांक्षीहरूबाट लोकतन्त्र जोगाउन मैले आफ्नै पार्टीभित्र पनि अथक संघर्ष गर्नुपरिरहेको छ । जति भोग गरे पनि तृप्त नहुने नेतृत्वको पदलिप्सा, साम–दाम–दण्ड–भेद नीति अपनाएर आफ्नो सत्ता अकण्टक राख्ने प्रवृत्ति र नीतिभन्दा पनि नेतालाई महत्त्व दिने पार्टीहरू भित्रका कार्यकर्ताको बानी–व्यवहार लोकतन्त्रका लागि समस्या बनेका छन्। राम्रो काम गरेर ख्याति कमाउन नसक्नु, तिकडमको भरमा सधैं सत्तामा हावी भैरहनु घोर अलोकतान्त्रिक चरित्र हो । तेस्रो विश्वका मुलुकहरू यस्तै म्याकियाभेलियन प्रवृत्तिबाट आक्रान्त छन । मेरो लक्ष्य भनेको यही प्रवृत्तिलाई परास्त गर्नु हो । मेरो लडाइँ यही प्रवृत्तिका विरुद्धमा छ । उमेरले अनुमति दिन्न कि भनेर विश्राम लिने अवसर मिलेकै छैन । आफ्नै करङ भाँचिने गरी प्रतिगमनविरुद्ध होमिनुपर्ने कर्तव्यको बाध्यता कायमै छ ।

### महाधिवेशनको जिम्मेवारी

विषम परिस्थितिबीच हुन लागेको कांग्रेसको चौधौं महाधिवेशन देश र जनताको उज्ज्वल भविष्य निर्माण गर्ने अवसर बन्नुपर्छ । यो महाधिवेशन पार्टीको आन्तरिक लोकतन्त्र मात्र नभएर समग्र राष्ट्रमा लोकतान्त्रिक संस्कृति निर्माण गर्ने अवसर र थलो हुनु आवश्यक छ । माथिका विषयहरू निश्चय पनि महाधिवेशन अन्तर्गतका प्रक्रियामा सहभागी भइरहेका पार्टी कार्यकर्ताहरूका लागि सोचनीय छन्। गुटहरूमा विभाजित कार्यकर्ताले नेताको मात्रै माया गर्ने कि पार्टीको पनि ? पार्टीको मात्रै माया गर्ने कि लोकतन्त्र र देशको पनि ? यी प्रश्न समेत गम्भीर छन् ।

कुनै देशको भविष्य त्यो देशको राजनीतिक सिद्धान्त, प्रणाली र आचरणले निर्धारण गर्छ । हामी लोकतान्त्रिक समाजवादी सिद्धान्तमा विश्वास राख्ने मानिस हौं । सरकार मात्र होइन, हाम्रो पार्टी पनि यही सिद्धान्तबाट निर्देशित हुनुपर्छ । तर हाम्रो पार्टीमा लोकतान्त्रिक पद्धतिको क्षयीकरण भैराखेको महसुस हुन्छ । विधानअनुरूप नचल्ने, राम्रालाई भन्दा हाम्रालाई मौका दिनेजस्ता कुराले पार्टीको साख गिराएको छ । लोकतन्त्रको जीवनाधार एवं जनमत अभिव्यक्तिको आधार आवधिक निर्वाचन हो । यसमा कुनै हेलचेक्र्याइँ हुनु हुँदैन ।

'कम्युनिस्ट फुटे हाम्रो फलिफाप हुनेछ' भन्ने सोचाइ नादान हो । कांग्रेस आफ्नै दूरदर्शी दृष्टिकोण, खँदिलो विचारशक्ति, संगठन कौशल र निष्ठाको बलमा राष्ट्र र जनताको सेवा गरेर सम्पूर्ण नेपालीलाई आकर्षित गर्ने पार्टी बन्नुपर्छ । कठोर परिश्रम तथा नैतिक र चारित्रिक शक्तिको बलमा बहुसंख्यक मतदाताले सहजै पत्याउने पार्टी बन्नुपर्छ । आफ्ना आदर्श र सिद्धान्त पूरा गर्न कांग्रेसलाई सुदृढ र एकताबद्ध पार्टी पंक्ति आवश्यक पर्छ । भाग्यमा भर पर्ने हैन कर्ममा विश्वास गर्ने कर्मशील कांग्रेस मेरो विश्वास हो । मिहिनेतको फल सारगर्भित हुन्छ, सर्वजन हिताय हुन्छ । लोकतन्त्र वचाउन, राष्ट्र जोगाउन र राष्ट्रको सर्वतोमुखी उन्नति गर्न कर्मशील कांग्रेस चाहिन्छ । त्यसैले कांग्रेसको लोकतन्त्रीकरण हुनुपर्छ । जनताको भरोसाको केन्द्र बन्ने गरी पार्टी सुदृढीकरण हुनुपर्छ ।

अन्तमा, कुनै पनि समाजको बानी–बेहोरा र संस्कारलाई त्यो देशको नेतृत्व वर्गको संस्कारले असर पार्छ भन्नेमा म विश्वास गर्छु । जर्ज वासिङ्टन, चर्चिल, महात्मा गान्धी, मन्डेला यसका उदाहरणहरू हुन । सत्तरी वर्षको संघर्षबाट निर्माण भएको अहिलेको बहुलवादमा आधारित बहुदलीय लोकतान्त्रिक संसदीय प्रणालीका पनि कतिपय कमजोरी होलान् । समसामयिक सुधारका साथ यसैलाई चिरस्थायी बनाएर अघि लानुको विकल्प नेपालसँग छैन । बारम्बारको अस्थिरता र नयाँनयाँ प्रयोग अब नेपालले धान्न सक्तैन । यसैअन्तर्गत अकुण्ठित मौलिक हक, विधिको शासन र सुसभ्य समाज निर्माण हाम्रो लक्ष्य हो ।

नेपाली कांग्रेसको वर्तमान नेतृत्व पार्टीलाई क्षयीकरण गर्न उद्यत छ । निष्ठावान् कार्यकर्ताको अवमूल्यन, पार्टीको विधान र सिद्धान्तप्रति पूर्णत उदासीन, सीमित कोटरीबाट पार्टी सञ्चालन, स्वार्थी तत्त्वहरूको हालीमुहालीजस्ता कुराले गर्दा पार्टी कम्युनिस्टहरूको फुटमा रमाउनुपर्ने अवस्थामा पुगेको छ । अतः पार्टीलाई पुनर्जीवित गरी पुनः आम नागरिकको आशा र भरोसाको केन्द्र बनाउन आगामी महाधिवेशनले नेतृत्व परिवर्तन गर्नुको विकल्प छैन ।

## महिला हिंसाले जरा गाडेको समाज



सुजाता थापा क्षेत्री

महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू नै महिला हिंसा हो । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको छ ।महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ ।

यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् ।

प्राचीन समय देखि नै बलात्कार, यौन हिंसा तथा घरेलु हिंसा जस्ता अनेकौ महिला विरुद्धका हिंसाहरू हुदै आएको पाइन्छन ।

नेपाल पुरूष प्रधान समाज भएको कारण परम्परागत सोचमा अझै परिवर्तन आउन सकेको छैन । महिलाले दाईजो नल्याएका कारण यातना सहनु पर्ने, बोक्सीको आरोप लगाएर घर निकाला गरिने, छोराको मोहमा गर्वपतन, बालविवाह, बहुबिवाह, देहव्यपार, गरीबी, बेरोजगारी, मानसिक यातना, गालीगलौज, जवरजस्ती करणी, बैवाहिक बलत्कार, बहुविवाह, चेलीबेटी बेचविखन र ओसारपसार, हाडनातामा करणी, वैदेशीक रोजगारीको नाममा ठगी, यौन शोषण, अत्याधिक काम, यौन दुरूत्साहन, यौन शोषणलगायतका हिंसाले यहाँको समाज अछुतो रहेको छैन । राज्यको संरचनाले नै महिलाहरूको सही र न्यायपूर्ण प्रतिनिधित्व गराउन सकेको छैन । पुरुष प्रधान मानसिकताले गर्दा महिला नेतृत्व अगाडि आउननसकेको हो । रूढीवादी परम्परा, पितृसत्तात्मक सोच, सामाजिक मूल्य मान्यताका कारण महिलालाई दोस्रो दर्जाको नागरिककोरूपमा हेरिनु, समान अवसरबाट वञ्चित गराइनु, महिलाको स्वतन्त्रता, गतिशीलता र शरीरमाथि अरूले नियन्त्रणगर्ने प्रवृतिको कारण पनि महिला माथि हिंसा भएको अवस्था छ । छोरीलाई स्वतन्त्र अस्तित्व भएको नागरिकको रूपमानलिने प्रथाले गर्दा सही र न्यायपूर्ण प्रतिनिधित्व अझै हुन सकेको छैन । घरको काममा अल्झाई राख्ने, वस्तुभाउहेर्न पठाउने गर्नाले पुरूषको तुलनामा महिला अशिक्षित छन् । अशिक्षाले गर्दा आफ्नो स्वतन्त्र अधिकार र अस्तित्ववाट विमुख हुनु परेको छ । शिक्षा र स्वास्थ्यमा छोरा सरह छोरीलाई व्यवहार गर्ने कमै मात्र छन् । हिंसा घरैबाट उत्पन्न हुने गरेको छ । यसको न्यूनीकरण घरदैलोबाटै महिला पुरूष मिलेर गर्न सक्नुपर्छ । महिलामाथि हेराइमा, बोलीमा र क्रियाकलापमा हिंसा हुने गरेको पाइन्छ । महिला हिंसाका विरूद्ध कानून बनेपनि पुर्ण रुपमा लागु हुन सकेको छैन ।



समाजले के भन्ला ? भनि धेरै महिला आफुले हिंसा सहेर बस्ने गरेको पाइन्छ । यसैका कारण पनि धेरै महिला हिंसाका घटना बाहिर आउदैनन् । कुनै महिलाले आफु हिंसामा परेको महसुस गरी आवाज उठाउन चाहेमा त्यस महिलाको आवाज कुसंस्कारी महिलाको ट्याग लगाइन्छ । महिला भएर कसरी बोल्नु पर्छ? रहनसहन, चालचलन अनेकौ कुरा लिएर संस्कारमा जोडिइन्छ ।

पुरूषहरू आफैँले वा पितृसत्तात्मकसोचको शिकार भएका केही महिलाहरूले महिलाहरूलाई हेला गर्ने/हेप्ने, कुटपिट गर्ने, जोखिमपूर्ण काममा लगाउने,एक्लै हिंडडुल गर्न नदिने, पोषणयुक्त र पेटभरी खान नदिने, तिरस्कार गर्ने, बेइज्जत गर्ने, बेवास्ता गर्ने जस्ताव्यवहारका कारण महिलाहरू शारीरिक मानसिक र संवेगात्मकरूपमा कमजोर हुने गरेका छन् । समाजले पनिसम्पति माथिको अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति जस्ता महत्वपूर्ण तहमा महिलामाथि भेदभावगर्नाले पनि महिला माथि हुने हिंसाका घटनाले प्रश्रय पाएको कुरा हामी सबैको सामु छर्लङ्ग छ । महिला माथिहुने यस्ता प्रकारका हिंसाहरूका कारण महिलाहरूको आत्मबल कमजोर हुन गई सामाजिक इज्जत प्रतिष्ठाको डरमानेर घर परिवार समाज, कार्य क्षेत्र र राज्य तहमा हुने गरेका सबै प्रकारका हिंसालाई मौनरूपमा स्वीकार्न वाध्यछन् भने राज्य स्तरमा भएका कानुन सर्वसाधारणको पहुँच भन्दा बाहिर रहनाले पनि महिला हिंसालाई प्रश्रय पुगेको छ


## स्वस्थ र सुन्दर संसार, स्तनपान एकमात्र आधार

## स्तनपान सम्बन्धी महत्वपूर्ण सन्देशहरु

- आमाको दुध शिशुका लागि अमृत समान हो ।
- शिशु जन्मेको एक घण्टाभित्रै आमाको दुध चुसाउनुपर्दछ ।
- आमाको पहेलो बिगौती दुध शिशुका लागि पहिलो खोप हो ।
- यसमा रोगसँग लड्न सक्ने तत्वहरु हुन्छन् ।
- शिशुलाई जन्मेदेखि ६ महिनासम्म आमाको दुध मात्रै खुवाउनुपर्छ ।
- शिशुलाई चाहिने पानी समेत आमाको दुधमा नै हुने हुनाले ६ महिनासम्म आमाको दुध बाहेक पानी पनि खुवाउनु पर्दैन ।
- शिशु ६ महिना पुरा हुनासाथ आमाको दुधका साथ साथै पोषिले थप आहार खुवाउन थाल्नुपर्छ र कम्तिमा २ वर्षसम्म थप आहारका साथै स्तनपानलाई पनि निरन्तरता दिइरहनुपर्दछ ।
- नियमित स्तनपान गराउने आमाहरुको स्तन र पाठेघरमा क्यान्सर हुने सम्भावना पनि धेरै कम हुन्छ ।
- पूर्ण स्तनपान गराएका बच्चाहरुको दिमागी क्षमता पूर्ण स्तनपान नगराकाको भन्दा तीक्ष्ण हुने अध्यनहरुले प्रमाणित गरेका छन् ।
- स्तनपान गर्न नपाएका शिशुहरु पछि गएर झगडालु स्वभाव हुने, अरुसँग घुलमिल गर्न नसक्ने र अपराधिक कार्यहरुमा लाग्ने सम्भावना बढि हुने कुरा पनि अनुसन्धानबाट पत्ता लागेको छ ।

सरुमारानी गाउँपालिका
स्वास्थ्य शाखा, बड्डाँडा प्यूठान

# धानबालीमा लाग्ने किराको व्यवस्थापन कसरी गर्ने

धान बालीमा लाग्ने विभिन्न जातका किराहरु के के हुन् तीनको क्षति साथैं लक्षण कसरी चिन्न सकिन्छ र यसको व्यवस्थापन कसरी गर्न सकिन्छ । कृषि व्यवस्थापन सूचना प्रणालीद्वारा तयार पारिएको सम्पूर्ण जानकारी एकपटक अवस्यै पढौं

१. रिट्ठे, ट्वाँटी र कीर्थो कीरा (Seed bed beetle, Mole Cricket, Field Cricket)

♦ पहिचान

वयस्क अवस्था चम्किलो कालो हुन्छ र लाभ्रे खैरो रङ्गको हुन्छ । वयस्क र लाभ्रे दुवै माटो भित्र बस्दछन् । ट्वाँटी कीराको खुट्टा बढी मोटो र बलिया नङग्रा भएका हुन्छन् भने कीर्थोमा साधारण उफ्रने किसिमका खुट्टा हुन्छन् ।

♦ क्षतिको लक्षण

क) बिरुवाका कलिलो अवस्थामा माटो मुनि रहेको जरा र डाँठको भाग खाईदिन्छ र विरुवाहरू मर्दछन् ।

ख) ट्वाँटी कीराले आलीमा दुलो पारेर पानी चुहिने समस्या पनि गराउँछन् ।

♦ व्यवस्थापन विधि

क- खेतमा पानी पटाउने ।

ख- सालिन्दा आक्रमण हुने खेतमा, रोपाई गर्नु अगावै क्लोरपाइरिफस १० प्र जीआर ०.५ केजी (देभीवान) वा क्लोरपाइरिफस ४ जीआर ०.७५ केजी प्रति रोपनी वा क्लोरपाइरिफस २० ई.सी. (डर्सवान वा फिनेवान वा रुसवान) नामक कीटनाशक विषादी १ मी.ली. प्रति लीटर पानीका दरले खेतमा पानी सुकाएर छर्ने ।

२. गवारो (द्ययचभच)

♦ पहिचान

वयस्क अवस्थामा विभिन्न आकार प्रकारका पुतली हुन्छन् । लाभ्रेहरू फिका पहेंला अथवा गुलावी रङ्गका अथवा शरीरमा धर्का भएका हुन्छन् र यिनीहरू विरुवाको डाँठभित्र रहन्छन् ।

♦ क्षतिको लक्षण

क. बिरुवाको कलिलो अवस्थामा आक्रमण भएमा मृत गावा (म्भबम जभबचत) देखिन्छ

ख. यदी विरुवाको फूल फुल्ने अवस्थामा आक्रमण भएमा भुस मात्र भएको सेतो वाला (White head) देखिन्छन्।

♦ व्यवस्थापन विधि

क) गवारोको क्षति कम गर्न हरेक वर्ष धान काटी सकेपछि रहेको सम्पूर्ण ठूटा निकाली जलाइ दिने अथवा ठूटा डुब्ने गरी पानी पटाइ दिने अथवा धान काटेपछि खेतलाई जोतिदिने

ख) बेर्नाको पातको टुप्पोमा देखिएका फुलहरूलाई (भ्नलक) पातको टुप्पो चुँडेर नष्ट गर्ने ।

ग) प्रकाश पासोको माध्यमबाट वयस्क पुतलीलाई आकर्षण गरी मार्ने ।

घ) ट्राइकोग्रामा परजीवी कीरा ५०,०००-१,००,००० प्रति हेक्टरका दरले रोपाइ गरेको ३-४ हप्ता पछि छाड्ने ।

ङ) धानखेतको आलीमा भटमास लगाउने

च) व्यासीलस थुरीनजियन्सीस (द्यत.) ३ ग्राम प्रति लिटर पानीका दरले छर्कने ।

छ) गवारोहरूको धेरै प्रकोप भएको खेतमा कार्वोफ्यूरान ३%न्च (फ्यूराडन,डाइफयूरान, की फयूरान आदि) वा कारटेप हाइड्रोक्लोराइड ४ प्र.जीआर (अनुदान, विदान, कीटाप, आदि) वा कारटेप हाइड्रोक्लोराइड ४ प्र. जीआर (अनुदान, विदान, कीटाप, आदि) वा फिप्रोनिल ०.३ प्र जीआर(रीफ्री,रिजेन्ट,टाटाजेन्ट आदि) दाना विषादी कुनै एक १.२५ के.जी. प्रति रोपनीका दरले वा क्लोरानट्रानीलीप्रोल ०.४ प्र जिआर (फेरटेरा) खेतमा छिपछिपे पानी जमाइ छर्ने । विषादी छरेपछि ४ दिनसम्म खेतबाट पानी बग्न दिनु हुँदैन ।

ज माकुरा, लामा सिंगे फट्याङग्रा जस्ता मित्रजीवको संरक्षण गर्ने ।

३. धानको काँडादार खपटे हिस्पा (च्अभ ज्ष्कउब)

♦ पहिचान

वयस्क खपटे कीरा निलो- कालो रङ्गको काँडादार पँखेटा भएको हुन्छ ।

♦ क्षतिको लक्षण

यसले नोक्सान पुर्याएको पातमा सेता धर्साहरू र सेता धब्बाहरू देखिन्छन् ।

♦ व्यवस्थापन विधि

क. बेर्नाको पातको टुप्पोमा देखिएका फुलहरूलाई (भ्नलक) पातको टुप्पो चुँडेर नष्ट गर्ने ।

ख. व्याडमा टम्म पानी जमाएर पानीमा उत्रेका खपटेलाई जम्मा गरी नष्ट गर्ने ।

ग. प्रकोप बढी भएमा अन्तिम बिकल्पको रुपमा बजारमा सजिलैसँग उपलब्ध हुने सम्पर्क बिषादी क्लोरीपाइरिफस २० प्र. इसी (डर्सवान,डर मेट,फाइनवेन) १.२५ मिलि प्रति लि वा लाम्डासाइहेलोथ्रिन ५ प्र. इसी (एजेन्ट प्लस, व्राभो ५०००, कराते, सूर्य एजेन्ट) ०.५ मिलि प्रति लिटर वा मालाथियन ५० प्र इसी (साइथियन, अनु मालाथियन,सूर्याथियन) १.५ मिलि प्रति लिटर पानीमा मिसाइ छर्ने ।

४. फड्के (कीराहरू हरियो, खैरो र सेतो पिठ्यू भएको) (Hoppers)

♦ पहिचान

कुनै हरिया, कुनै सेता र कुनै खैरा किसिमका फुत्त फुत्त उफ्रने किसिमका मसिना कीराहरू हुन्छन् ।

♦ क्षतिको लक्षण

क धानका विरुवाहरू सुकेर मर्दछन् ।

ख विरुवाहरू गाँजिन र बढ्न सक्दैनन् ।

ग धानको वोटमा वाला नलागी पराल जस्तो भई वोट सुकेर जान्छ ।

♦ व्यवस्थापन विधि

क) उपयुक्त जातको छनौट गर्ने । ढिलो लगाईएको भन्दा छिटो लगाईएको र ढिलो पाक्ने भन्दा छिटो पाक्ने धान बालीमा फड्के कीराको प्रकोप कम भएको पाईएको छ ।

ख) गाँजको घनत्व कम गर्ने । धान रोप्ने समयमा प्रति गाँजमा २–३ वटा भन्दा बढी बेर्नाहरू नरोप्ने ।

ग) नाईट्रोजनयुक्त मलखादको उचित प्रयोग गर्ने ।

घ) समय समयमा गोडमेल तथा सरसफाई गरी कीराको बैकल्पिक आश्रयस्थल नष्ट गर्ने

ङ) ३-४ दिनको फरकमा खेतमा पानीको सतह बढाउने घटाउने र सुकाउने गर्नुपर्छ ।

च) धानखेतको पर्यावरणमा मित्रजीवको संख्या अत्यन्त कम वा शुन्य र शत्रुजीवको संख्या अत्यधिक रहेको समयमा अन्तिम बिकल्पको रुपमा रासायनिक विषादीको प्रयोग गर्ने । दैहिक बिषादीहरू एसीफेट ७५ प्र. एसपी (एसीफेट, आस्ताफ, लेन्सर) २ मिलि वा वुप्रोफेजिन २५ प्र एससी (वुप्रोलोड, डेभिफेजिन) १.५ मिलि वा फिप्रोनिल ५ प्र. एससी (रिजेन्ट,स्टाल्कर,डेभिजेन्ट प्लस) २-३ मिलि वा इमिडाक्लाप्रीड १७.८ एसएल (अनुमिदा, एटम, केमिडा, हिमिडा) १ मिलि प्रति ४ लिटर पानीमा वा कार्वो सल्फान २५ प्र. इसी (मार्सल) १ मिलि प्रति लिटर वा ट्राइजोफोस ४० प्र. इसी (व्राभो, जोस) १.२५ मिलि प्रति लिटर वा एजाडिराक्टीन ०.०३ प्र इसी (निम्वेसिडीन, मल्टीनीम) २ मिलि आलो पालो गरी एक-एक हप्ताको फरकमा छर्कनु पर्दछ । बिषादी छर्कदा धानको बिरुवा माथिबाट होइन कि बिरुवाको फेदमा पर्ने किसिमले छर्कनु पर्दछ ।



५. धानको पतेरो (च्अभ दगन)

वयस्क पतेरो खैरोमा हरियो मिसिएको हुन्छ भने वच्चा पतेरो हरियो हुन्छ । यसलाई समातेर विस्तारै थिच्दा नराम्रो गन्ध छोड्छ ।

♦ क्षतिको लक्षण

पातमा बढी आक्रमण भएमा वोट नै पहेंलिने हुन्छ र वालामा आक्रमण गरेको छ भने दानाहरूमा खैरो दाग देखिने, दानाहरू फोस्रा हुने अथवा आधा फोस्रिएका दाना हुने गर्दछ

♦ व्यवस्थापन विधि

क खेतभित्र तथा वरपरको झारपात गोडमेल गरी पतेरोको वैकल्पिक आश्रयस्थललाई नष्ट गर्ने ।

ख) एकैसमय पाक्ने धानका जातहरू छनोट गरी लगाउने ।

ग) प्रकाश पासोको माध्यमबाट वयस्क कीरालाई मार्न सकिन्छ ।

घ डर्टी ट्रयापको प्रयोग गर्ने । यसको लागि गाई भैंसीको ताजा पिसावमा कपडा वा जुटको वोरालाई भिजाएर एउटा घोचोको एक छेउमा बांध्ने र उक्त घोचोलाई धानबारीको बीचमा लगेर गाड्ने गर्नु पर्दछ । ट्रयापमा आकर्षित भएका पतेरोहरूलाई बाहिर पट्टिबाट प्लाष्टिकको झोलाले छोपी संकलन गरी मार्ने ।

ङ) यो कीराको प्रकोप ज्यादा भएमा अन्तिम बिकल्पकोरुपमा कीटनाशक विषादी जस्तै मालाथियन ५० प्र. इसी (साइथियन, अनु मालाथियन,सूर्याथियन) २ मिलि प्रति लिटर अथवा साइपरमेथ्रिन २५ प्र. इसी (अनुकील, साइपरसीड, केआइ साइपर) वा अथवा फेन्भेलेरेट २० प्र इसी (अनुफेन, फेनभल, कीफेन) ०.५ मिलि प्रति लीटर पानीका दरले कुनै एक विषादी विरुवा राम्ररी भिज्ने गरी छर्नुपर्दछ ।

६. पात वेरुवा (Leaf roller)

♦ पहिचान

हल्का खैरो रङ्गका वयस्क पुतली हुन्छन् । पखेटामा दुईवटा बाङ्गा- टिङ्गा धर्साहरू हुन्छन् । लार्भा हल्का हरियो रङ्गका हुन्छन् ।

♦ क्षतिको लक्षण

पातलाई वेरेर भित्र पट्टि बसी पातको हरियो पदार्थ खाईदिन्छन् र पात सुक्दछन् ।

♦ व्यवस्थापन विधि

क धान रोप्ने बेलामा स्वस्थ र बलिया बेर्नाहरूको प्रयोग गर्ने ।

ख नाईट्रोजनयूक्त मलको उचित प्रयोग गर्ने ।

ग धानखेतको राम्ररी गोडमेल गर्ने ।

घ) काँडेदार डोरी लिई दुवैछेउमा समातेर खेतको दुई छेउमा बस्ने र धानलाई छुवाएर क्रमशः विपरित दिशातिर जाने । यसो गर्नाले धानको पातमा रहेका पात वेरुवाका लार्भाहरू पानीमा खसेर नष्ट हुन्छन् ।

ङ) बि. टी. नामक जैविक विषादी १.५ मि.लि. प्रति लिटर पानीमा मिसाई खेतमा छर्कने ।

यसरी जैविक विषादी प्रयोग गर्दा प्रति हेक्टर जमिनमा ५००–६०० लीटर जैविक विषादी र पानीको झोल प्रयोग गर्ने ।

च) प्रकोप बढी भएमा अन्तिम विकल्पको रुपमा बजारमा सजिलैसँग उपलब्ध हुने सर्म्पक विषादी क्लोरीपाइरिफस २० प्र. इसी (डर्सवान, डरमेट, फाइनवेन) १.२५ मिलि प्रति लि वा कार्वो सल्फान २५ प्र. इसी (मार्सल) १ मिलि प्रति लिटर कारटेप हाइड्रोक्लोराइड ४ प्र. जीआर (अनुदान, विदान, कीटाप, आदि) १ मिलि प्रति लिटर वा लाम्डासहोइलोथ्रिन ५ प्र. इसी (एजेन्ट प्लस, व्राभो ५०००, कराते, सूर्य एजेन्ट) ०.५ मिलि प्रति लिटर वा अजाडीराक्टीन ०.१५ प्र (मल्टीनेमोर, निकोनिम) ३-५ मिलि प्रति लिटर दरले छर्ने

७. मिलिवग (Mealy bug)

♦ पहिचान

वयस्क सानो, गुलावी रङ्गको, नरम शरीर भएको, सेतो मैन जस्तो पदार्थले ढाकिएको हुन्छ ।

कुनै पखेंटा भएका हुन्छन् भने कुनै पखेंटा विहिन हुन्छन् ।

♦ क्षतिको लक्षण

बिरुवा रोगाउने, बढ्न नसक्ने, जिङरिङ्ग परेर पहेंलिन्छन् र बिरुवामा बाला लाग्दैन ।

♦ व्यवस्थापन विधि

क) खेतमा पानीको सतह बढाउने

ख) खेतभित्र र वरीपरी रहेका घाँसपातहरू हटाउने ।

ग) कीराको प्रकोप ज्यादा भएमा गवारोमा वताइएका विषादी प्रयोग गर्ने ।

घ) खेतमा कार्वोफ्यूरान 3%Gr (फ्यूराडन, डाइफयूरान, की फयूरान आदि) वा कारटेप हाइड्रोक्लोराइड ४ प्र.जीआर (अनुदान, विदान, कीटाप, आदि) वा कारटेप हाइड्रोक्लोराइड ४ प्र. जीआर (अनुदान, विदान, कीटाप, आदि) वा फिप्रोनिल ०.३ प्र जीआर (रीफ्री, रिजेन्ट, टाटाजेन्ट आदि) दाना विषादी कुनै एक १.२५ के.जी. प्रति रोपनीका दरले वा क्लोरानट्रानीलीप्रोल ०.४ प्र जिआर (फेरटेरा) खेतमा छिपछिपे पानी जमाइ छर्ने ।

विषादी छरेपछि ४ दिनसम्म खेतबाट पानी बग्न दिनु हुँदैन ।

ङ माकुरा, लामा सिंगे फट्याङग्रा जस्ता मित्रजीवको संरक्षण गर्ने ।

### धान बालीका मुख्य रोगहरू

१. व्लाष्ट रोग(Blast)

♦ लक्षण

पातमा स-साना सेता टीका बीचमा भएका लाम्चिला खैरा थोप्ला देखा पर्दछन्। बाला मुन्तिरको डाँठको वरिपरी वा आँख्लामा खैरो रङ्ग भएको दाग पनि देखिन्छन्।

♦ व्यवस्थापन विधि

क) रोग निरोधक जातहरू लगाउने ।

ख) बेभिष्टिन वा डेरोसाल २-३ ग्राम प्रति किलोग्राम बीउका दरले बीउ उपचार गरी व्याड राख्ने ।

ग) सिफारिस अनुसार नाइट्रोजन मल प्रयोग गर्ने ।

घ) खेतमा पानी जमाई राख्ने ।

ङ) Tricyclazole 75%WP (Baan, Logik, Trip, Trikaal) ०.७५ ग्राम प्रति लिटर वा Kasugamycin 3%SL (Kasub, KI–mycin) ० १.५ मि.लि. प्रति लिटर पानीमा , वा Hexaconazole 5% EC -Avon, Comfort, Ki Hexa, Hexa plus) २ ग्राम प्रति लिटर वा Kresoxim–methyl 44.3 SC (Ergon)१ मि.लि. प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा २-३ पटक छर्ने ।

२. व्याक्टेरियल लिफ व्लाईट (Bacterial leaf blight)

♦ लक्षण

पातको किनाराबाट लामो पहेंला वा खैरा रङ्गका धर्साहरू देखिन्छन्, पात टुप्पोबाट सुकेर मर्दछ ।

♦ व्यवस्थापन विधि

क) रोग निरोधक जातहरू लगाउने

ख) सिफारिस अनुसार रासायनिक मल हाल्ने

ग रोग लागेको खेतमा केही दिन पानी सुकाई दिने ।

घ) एग्रिमाइसिन-१००, ०.२५ ग्राम प्रति लिटर पानीको झोलमा बीउलाई ३० मिनेटसम्म डुबाएर बीउ उपचार गर्ने ।

३. खैरो थोप्ले रोग (Brown leaf spot disease)

♦ व्यवस्थापन विधि

क) बेभिष्टिन वा डेरोसाल २-३ ग्राम प्रति किलोग्राम बीउका दरले बीउ उपचार गरी ब्याड राख्ने ।

ख) सिंचाई भएको ठाउँमा चैत्र महिनाको शुरुमा नै सिफारिस गरिएका उन्नत जातका धानहरू रोप्ने ।

ग) मेन्कोजेव ७५ प्रतिशत डव्लु पि (डाइथेन एम-४५.) विषादी ३ ग्राम प्रति लिटर वा Propineb 70% WP (Antracol, Ki Antra, Antragold)३ ग्राम प्रति लिटर पानीको दरले मिसाई १५ दिनको फरकमा ३ पटक छर्कने ।

४. फेद कुहिने रोग (Foot rot)

♦ लक्षण

खेतमा रोगी विरुवा अग्लो नहुने, पहेंलिने र अन्तमा फेद कुहिएर मर्दछन्तल्लो आँख्लाहरूबाट जरा निस्कन्छन्।

♦ व्यवस्थापन विधि

क रोगी बोट भएको खेतबाट बीउ संकलन नगर्ने ।

ख कार्वेन्डाजिम ५० प्रतिशत डव्लुपी. (वेभिष्टिन वा डेरोसाल) ढूसीनाशक विषादी २ ग्राम प्रति किलो बीउका दरले उपचार गरी व्याड राख्ने ।

ग रोग ग्रस्त बोटहरू उखेलेर नष्ट गर्ने ।

५. पातको फेद डढुवा रोग (Sheath blight)

# हार्दिक बधाई

नेपाली काङ्ग्रेसको १४ औं महाधिवेशनबाट प्यूठान जिल्लाको ९ वटै स्थानीय तहबाट निर्वाचित क्षेत्रिय प्रतिनिधि, सभापति लगायत निर्वाचित सम्पूर्ण पदाधिकारीहरुको सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।


नेत्र बहादुर के.सी.
सभापति, प्यूठान न.पा.


गिर बहादुर घर्ति
सभापति, स्वर्गद्वारी न.पा.


देविराम पुन मगर
सभापति, नौबहिनी गा.पा.


मिनराज भट्टराई
सभापति, झिमरुक गा.पा.


रमेश श्रेष्ठ
सभापति, मल्लरानी गा.पा.


प्रकाश अधिकारी
सभापति, माण्डवी गा.पा.


मधुराम के.सी.
सभापति, गौमुखी गा.पा.


लक्ष्मण जि.सी.
सभापति, सरुमारानी गा.पा.


अमर रेश्मी मगर
सभापति, ऐरावती गा.पा.

**महेश पोखेल**
**अध्यक्ष, एवम् नेपाली काङ्ग्रेस प्यूठान रुपन्देही सम्पर्क समिति परिवार**

**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान